राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ३८, वैशाख ११ गते शुक्रबार, २०८३ (24 April, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# नेकपाको ७७औं स्थापना दिवस

## आमूल परिवर्तनकारी र संसदवादी मुख्य दुई धार, दर्जनौं घटकबीच एकता र पुनर्गठनमा जोड

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** ७६ वर्ष पार गरेको नेपाली कम्युनिस्ट आन्दोलन यतिबेला वर्तमान राज्य प्रणाली र संविधानलाई अस्वीकार गर्ने आमूल परिवर्तनकारी र वर्तमान व्यवस्था र संविधानभित्रैबाट क्रमशः राजनीतिक परिवर्तन र समृद्धि चाहने संसदवादी गरेर मुख्यतः दुई धारमा विभक्त छ ।

२२ अप्रिलमा पर्ने नेपाल कम्युनिस्ट पार्टीको ७७औं स्थापना दिवस एवं लेनिन जयन्तीका अवसरमा नेपालका विभिन्न वाम पार्टीहरूले विविध कार्यक्रम आयोजना गरी सामाजिक-आर्थिक रूपान्तरण र जनसेवामा समर्पित हुने प्रतिबद्धता दोहोऱ्याए । विक्रम सम्बत् २००६ वैशाख ९ मा पुष्पलाल




श्रेष्ठको अगुवाइमा स्थापना भएको नेपाल कम्युनिस्ट पार्टी २००९ पछिदेखि नै निरन्तर विभाजन, एकता र पुनः विभाजन हुँदै यतिबेला विभिन्न घटक र समूहमा छिन्नभिन्न भइरहेका छन् । पुष्पलाल श्रेष्ठ संस्थापक महासचिव रहेको स्थापनाकालीन नेपाल कम्युनिस्ट पार्टीका अन्य संस्थापकहरू निरञ्जनगोविन्द वैद्य, नरबहादुर कर्माचार्य र नारायणविलास जोशी थिए । कुनै घटकले मोतीदेवी श्रेष्ठ समेतलाई संस्थापक मानेका छन् भने कतिपयले उनीबाहेकका चार जनालाई मात्रै स्वीकारेका छन् ।

पटक-पटक नेपालको निर्णायक एवम् मुख्य नेतृत्वदायी शक्तिका रूपमा उदाएको नेकपा विभिन्न घटक र समूहमा टुटफुट, एकता र पुनः टुटफुट तथा फेरि एकताको चक्रमा रुमल्लिइरहेकै बेला पछिल्लो पटक फागुन २१ मा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनसम्म आइपुग्दा निकै कमजोर राजनीतिक शक्तिका रूपमा देखापर्न बाध्य भएको छ । विश्व कम्युनिस्ट आन्दोलनको घोषणापत्रलाई नेपालीमा अनुवाद गर्ने पुष्पलालको नेतृत्वमा गठन भएको नेकपाले यसअघि २०७४ को निर्वाचनमा झन्डै दुई तिहाइ सिट नजिक

क्रमशः अन्तिम पृष्ठमा

# संसदीय दलको नेता बन्न कांग्रेसभित्र तानातान

**काठमाडौं ।** नेपाली कांग्रेस संसदीय दलको नेताका लागि तीन नेताको भिडन्त हुने देखिएको छ । कांग्रेस सहमहामन्त्री प्रकाश रसाइली स्नेहीका अनुसार संसदीय दल नेता चयन गर्न निर्वाचन कार्यतालिकाअनुसार बिहीबारदेखि प्रक्रिया अघि बढेको हो ।

गत फागुन २१ गते भएको प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्ष र समानुपातिक दुवैतर्फबाट ३८ सिट पाएको कांग्रेसलाई यतिबेला संसदीय दलको नेतामा तीन जना नेता भिडन्त पर्ने देखिएको छ । संसदीय दल नेताका लागि पूर्वसहमहामन्त्रीहरू अर्जुननरसिंह केसी, भीष्मराज आङ्देम्बे र मोहन आचार्यले आकांक्षा देखाएका छन् ।

त्यस विषयमा सांसदहरूसँग छलफल गर्न महामन्त्री प्रदीप पौडेल लगायतका नेताहरूलाई जिम्मेवारी दिएको छ । कांग्रेसका एक सांसदका अनुसार सहमतिमै संसदीय दल नेता चयन गर्नेतर्फ पार्टी पदाधिकारीहरूले पहल गरिराखेको जानकारी दिए । ‘दल नेताको आकांक्षी धेरै भए पनि मुख्य गरी ३ जनाले दाबेदारी प्रस्तुत गर्नुभएको छ, पार्टीले सहमतिका लागि प्रयास गर्दैछ, सहमति नभए निर्वाचन कार्यतालिकाअनुसार भोलि अपराह्न मतदान हुनेछ’ ती सांसदको भनाइ थियो । कतिपय नेताले कांग्रेसभित्र प्रत्यक्षतर्फबाट आएकालाई संसदीय दल नेता बनाउन माग गरेका छन् । केसी र आङ्देम्बे समानुपातिकतर्फबाट प्रतिनिधि सभा सांसद भएका हुन् ।

विशेष महाधिवेशनले पार्टी रूपान्तरण र पुस्तान्तरणको सन्देश दिएकोले युवा सांसदहरूलाई अगाडि सार्नुपर्ने मत समेत कांग्रेसमा उठेको छ । यो पक्षका सांसदले योगेश गौचन थकाली, निश्कल राई, बासना थापा लगायतलाई संसदीय दल नेता आकांक्षीका रूपमा प्रस्तुत गरेका छन् ।

यसै माहोलबीच वरिष्ठ नेताहरूमध्येकै एकलाई संसदीय दलको नेता बनाएर युवा सांसदलाई प्रमुख सचेतक र सचेतक बनाउने गरी छलफल भएको समेत एक नेताले जानकारी दिए ।

# अत्यधिक गर्मीले मधेसको जनजीवन कष्टकर

**काठमाडौं ।** जनकपुरधामलगायत मधेस प्रदेशमा अत्यधिक गर्मी बढेपछि जनजीवन प्रभावित बनेको छ । मंगलबार गरिएको मापन अनुसार जनपुरमा ३८ र वीरगञ्जमा ३९ डिग्री सेल्सियस पुगेर जनजीवन अत्यधिक प्रभावित भएको हो । जल तथा मौसम विज्ञान विभाग कार्यालय जनकपुरका

क्रमशः अन्तिम पृष्ठमा

# नेपालमा नवउपनिवेशवाद र अदृश्य शक्ति संरचना

**समय सन्देश**

सुरेश श्रेष्ठ

**भूमिका**

दोस्रो विश्वयुद्धको अन्त्यसँगै प्रत्यक्ष औपनिवेशिक शासनको युग समाप्त भए पनि शक्तिशाली राष्ट्रहरूले आफ्नो प्रभाव विस्तार गर्ने नयाँ, सूक्ष्म र अप्रत्यक्ष उपायहरू विकास गर्दै आएको छ । यसै प्रक्रियालाई नवउपनिवेशवाद भनिन्छ । नवउपनिवेशवादले कुनै पनि राष्ट्रको भौगोलिक स्वतन्त्रता स्वीकार गरे पनि त्यसको आर्थिक, राजनीतिक, सुरक्षा तथा सांस्कृतिक निर्णय प्रक्रियामा बाह्य प्रभाव कायम राख्ने गर्छ ।

घाना का पहिलो राष्ट्रपति तथा नवउपनिवेशवादी सिद्धान्तका व्याख्याता क्वामे न्क्रुमाका अनुसार “राजनीतिक स्वतन्त्रता प्राप्त भए पनि आर्थिक नियन्त्रण बाह्य शक्तिको हातमा रह्यो भने त्यो वास्तविक स्वतन्त्रता होइन ।” नेपालजस्तो भूराजनीतिक रूपमा संवेदनशील राष्ट्रका लागि यो अवधारणा विशेष रूपमा सान्दर्भिक छ, किनभने यहाँ विकास, सहायता र सुरक्षा सहकार्यका नाममा बाह्य प्रभाव क्रमशः विस्तार हुँदै गएको देखिन्छ ।

**१. आर्थिक नियन्त्रण र ऋणको निर्भरता**

नवउपनिवेशवादको सबैभन्दा प्रभावकारी माध्यम आर्थिक निर्भरता हो । विकासका लागि लिइने ऋणले दीर्घकालमा नीतिगत स्वतन्त्रतालाई सीमित गर्न सक्छ । नेपालको सार्वजनिक ऋण हाल जीडीपीको करिव ४०-४५% पुगेको छ । विश्व बैंक, एशियाली विकास बैंक र अन्य दातृ संस्थाबाट प्राप्त ऋणले पूर्वाधार विकासमा सहयोग पुऱ्याए पनि भविष्यमा बजेटको ठूलो हिस्सा ऋण सेवामा खर्च हुने जोखिम छ ।

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- ३८, वैशाख ११ गते शुक्रबार, २०८३

**सम्पादकीय**

# नेकपाको ७० वर्षे यात्रा र आजको समाज

यतिबेला मुलुक २००७ यताकै भिन्न र बेग्लै मनस्थितिबाट गुज्रिरहेको छ। पुरानो राजनीतिक दल नेपाली कांग्रेस तथा जुनसुकै नाम र कार्यक्रम अँगालेका कम्युनिस्ट घटक र शक्तिप्रति नेपाली जनताको ठूलो हिस्सामा यसअघि कहिल्यै महसुस नगरिएको मात्रामा विश्वास टुटेको देखिँदैछ।

राज्यसत्ता र शासकहरूको नजरमा र व्यवहारमा सधैं नै लखेटिइरहे तापनि नेपालमा कम्युनिस्ट पार्टीको स्थापनायता केही अघिसम्म मात्र पनि नेपाली भूमिभित्र आम जनमानसको मनमनमा कम्युनिस्ट शक्ति, सङ्गठन, नेता र कार्यकर्ताहरूप्रति अगाध आस्था, विश्वास र ममता भरिभराउ थियो। मुख्यतः साम्राज्यवादी शक्ति र तत्त्वहरूको धेरै लामो तयारी, स्कुलिङ र लगानीपछि अनि कम्युनिस्टका नाममा हालसम्म सत्ताअभ्यास गरेका नेताहरूको बेइमानी र नालायकी दुवै पक्षको संयोजनका कारण यतिबेला तमाम नेपाली नागरिकको निकै ठूलो हिस्सा कम्युनिस्ट सिद्धान्त, आदर्श र लक्ष्य-उद्देश्यबाट विकर्षित भइरहेको बुझ्न कुनै कठिनाइ पर्दैन। अर्कोतिर कम्युनिस्ट 'निमिट्यान्न' पार्न चाहने तत्त्वहरूको योजनाबद्ध लगानी, दुष्प्रचार र अभियानबाट दिग्भ्रमित हुँदै इमानदार र सोझासिधा नागरिकले कम्युनिस्ट र कम्युनिज्मप्रति वैरभावपूर्ण दृष्टिकोण अँगाल्दै गइरहेको पनि स्पष्टै देखिन्छ।

परिस्थितिको यसखाले गम्भीरतालाई अनेकौं कम्युनिस्ट नामधारी पार्टी, समूह र नेता-कार्यकर्ताहरूले समयमै नबुझ्ने र प्रभावकारी कदम नचाल्ने हो भने तातो कराइबाट हामफालेका जनता भुङ्ग्रोमा पर्ने निश्चित छ।

## नेपालमा नवउपनिवेशवाद...

यस्ता आर्थिक संरचनाले नीतिगत प्राथमिकताको क्षेत्रसँगै राजनीतिक क्षेत्रमा पनि बाह्य प्रभाव बढाउने सम्भावना रहन्छ। श्रीलंकाको हम्बनटोटा बन्दरगाह यसको स्पष्ट उदाहरण हो, जहाँ ऋण तिर्न नसक्दा रणनीतिक सम्पत्ति नै दीर्घकालीन रूपमा विदेशी नियन्त्रणमा गएको थियो। नेपालमा पनि ठूला विमानस्थल, जलविद्युत् परियोजना तथा सडक पूर्वाधारमा बढ्दो ऋणले भविष्यमा नीति स्वतन्त्रता सीमित हुने जोखिम बढाएको छ। यस्तो अवस्था ऋण कूटनीतिको संकेत हो, जहाँ आर्थिक सहायता रणनीतिक प्रभावको माध्यम बन्छ।

### २. सैन्य सहकार्य र रणनीतिक प्रभाव विस्तार

नवउपनिवेशवादी संरचनामा सैन्य सहकार्यलाई प्रायः सुरक्षा सहयोग वा विपद् व्यवस्थापनका नाममा प्रस्तुत गरिन्छ। तर यस्तो सहकार्यले दीर्घकालीन रणनीतिक पहुँच विस्तार गर्न सक्छ। एसपीपी जस्ता पहलहरूले साना राष्ट्रहरूको सुरक्षा संरचनासँग प्रत्यक्ष सम्बन्ध स्थापना गर्ने प्रयास गर्छन्।

यस्ता सहकार्यले तालिम, उपकरण र समन्वयको नाममा सुरक्षा नीतिमा बाह्य प्रभाव बढाउने सम्भावना रहन्छ। त्यसैगरी, हिन्द-प्रशान्त रणनीति जस्ता समग्र रणनीतिक ढाँचामा प्रत्यक्ष वा परोक्ष समेटिने सम्भावना रहन्छ, जसले नेपालको परम्परागत असंलग्न परराष्ट्र नीति यस्तो संरचनाबाट प्रत्यक्ष दबाबमा पर्न सक्ने जोखिम रहन्छ।

### ३. नीतिगत र कानुनी हस्तक्षेप

विदेशी सहायता र लगानी प्रायः सर्तसहित आउने भएकाले यसले नीति निर्माण, कानुनी संरचना र कार्यान्वयन प्रक्रियामा बाह्य प्रभाव पार्ने सम्भावना रहन्छ, जसले नीतिगत स्वायत्ततामा चुनौती सिर्जना गर्छ। नेपालमा प्रत्यक्ष वैदेशिक लगानी जीडीपीको करिब ०.३-०.५% मात्र रहेको देखिन्छ, जसले उत्पादनशील क्षेत्रमा सीमित बाह्य लगानीको संकेत गर्दछ। यस्तो न्यून स्तरको लगानीले औद्योगिक विकास र प्रविधि हस्तान्तरणलाई कमजोर बनाउँदै दीर्घकालमा आर्थिक संरचनात्मक कमजोरी र नीति प्राथमिकतामा बाह्य प्रभावको जोखिम बढाउँछ।

एमसीसी जस्ता विकास सम्झौताले परियोजना छनोट, कानुनी व्याख्या र कार्यान्वयन प्रक्रियामा बाह्य मापदण्डको प्रभाव देखाउँदै राष्ट्रिय निर्णय क्षमतामा दबाब सिर्जना गर्ने सम्भावना उजागर गरेको छ। यसरी नीतिगत र कानुनी क्षेत्रमा बाह्य प्रभाव संस्थागत हुने जोखिम रहन्छ, जसका लागि स्पष्ट नीतिगत ढाँचा र सुदृढ कानुनी संरचना आवश्यक हुन्छ।

### ४. सांस्कृतिक र मानसिक प्रभाव

नवउपनिवेशवादको सबैभन्दा सूक्ष्म तर गहिरो रूप सांस्कृतिक र मानसिक प्रभाव हो। पश्चिमी जीवनशैलीलाई आधुनिकताको प्रतीकका रूपमा प्रस्तुत गरी स्थानीय परम्परा र सांस्कृतिक मूल्यहरू कमजोर बनाइन्छ।

गैरसरकारी संस्था, मिडिया र शिक्षा प्रणालीको माध्यमबाट विचार, भाषा, जीवनशैली र मूल्य प्रणाली जस्ता सामाजिक संरचना परिवर्तन गरिन्छ। जब कुनै समाजले आफ्नै संस्कृतिलाई पछौटे र बाह्य संस्कृतिलाई श्रेष्ठ मान्ने प्रवृत्ति हावी हुन्छ। यही प्रक्रियाबाट मानसिक उपनिवेशीकरणको अवस्था सिर्जना हुने गर्दछ।

### ५. प्राकृतिक स्रोत र प्रविधिमा निर्भरता

प्राकृतिक स्रोत र प्रविधिमा निर्भरता नवउपनिवेशवादको एक महत्त्वपूर्ण आयाम हो। नेपाल जलविद्युत्, कृषि तथा खनिज स्रोतका दृष्टिले सम्भावनायुक्त देश भए पनि यी क्षेत्रहरूको विकासमा बाह्य प्रविधि, लगानी र प्राविधिक जनशक्तिमा बढ्दो निर्भरता देखिन्छ। विशेषगरी जलविद्युत् क्षेत्रमा विदेशी लगानी तथा संयुक्त लगानी मोडल विस्तार हुँदै जाँदा उत्पादन प्रक्रिया, प्राविधिक ज्ञान र सञ्चालन क्षमतामा बाह्य प्रभाव बढ्ने सम्भावना रहन्छ। यसले दीर्घकालमा ऊर्जा उत्पादन, वितरण तथा बजार पहुँचमा असन्तुलन सिर्जना गर्न सक्छ।

त्यसैगरी, कृषि क्षेत्रमा हाइब्रिड बीउ, रासायनिक मल र कीटनाशक पदार्थको प्रयोग बढ्दै जाँदा परम्परागत कृषि प्रणाली क्रमशः कमजोर हुँदै गएको छ। स्थानीय बीउ, ज्ञान र अभ्यासको स्थानमा बाह्य स्रोतमा आधारित उत्पादन प्रणाली विकसित हुँदा किसानहरू आपूर्ति श्रृंखलामा निर्भर बन्ने अवस्था सिर्जना भएको छ। यसले दीर्घकालीन रूपमा खाद्य सुरक्षा, जैविक विविधता र कृषि आत्मनिर्भरतालाई चुनौती दिन सक्छ।

यस प्रकारको प्रविधि तथा स्रोतमा आधारित निर्भरताले केवल आर्थिक पक्षमा मात्र सीमित प्रभाव पार्दैन, बरु उत्पादन संरचना, ज्ञान प्रणाली र स्रोत नियन्त्रणमै बाह्य प्रभाव स्थापित गर्ने सम्भावना बढाउँछ। त्यसैले दीर्घकालीन राष्ट्रिय स्वायत्तता सुनिश्चित गर्न स्वदेशी प्रविधि विकास, स्थानीय स्रोतको संरक्षण र आत्मनिर्भर उत्पादन प्रणालीलाई प्राथमिकता दिन आवश्यक छ।

### ऐतिहासिक पृष्ठभूमि र नेपाली सन्दर्भ

नेपाल कहिल्यै प्रत्यक्ष उपनिवेश नभए पनि यसको भूराजनीतिक अवस्थाले सधैं बाह्य शक्तिहरूको चासो आकर्षित हुँदै आएको छ। सन् १८१६ को सुगौली सन्धि र १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिपछि नेपालको बाह्य सम्बन्ध र सुरक्षा संरचनामा बाह्य प्रभाव गहिरिदै गएको देखिन्छ। २००६ को राजनीतिक परिवर्तनपछि नेपालमा विदेशी सहायता, विकास परियोजना र अन्तर्राष्ट्रिय साझेदारीको दायरा तीव्र रूपमा विस्तार भएको देखिन्छ। विकास, शान्ति र लोकतन्त्र संबर्द्धनका नाममा आएका सहयोग र पहलहरूबाट रणनीतिक प्रभाव विस्तार अझ सहज बनाएको देखिन्छ। आजको अन्तर्राष्ट्रिय प्रणालीमा प्रत्यक्ष सैन्य हस्तक्षेपभन्दा पनि आर्थिक सहायता, कूटनीतिक साझेदारी र संस्थागत सहयोगमार्फत प्रभाव विस्तार गर्ने प्रवृत्ति जब्बर बन्दै गएको छ।

भारत/चीन जस्ता उदयमान दुई ठूला शक्तिको बीचको रणनीतिक क्षेत्रमा नेपाल अवस्थित छ। यहाँ विगत केहि दशकदेखि संयुक्त राज्य अमेरिकाको सक्रियता र उपस्थिति पनि बढ्दो छ। जसका कारण नेपालको भू-राजनीतिक महत्त्व दिनप्रतिदिन बढ्दै गएको छ। विकास सहायता, लगानी र सुरक्षा सहयोगका बहुआयामिक सम्बन्धहरूले नेपाल क्षेत्रीय शक्ति सन्तुलनको केन्द्रबिन्दु बनिरहेको छ। यसै सन्दर्भमा, कुनै एक पक्षतर्फ अत्यधिक झुकाव राख्नाले नेपालको रणनीतिक स्वतन्त्रतामाथि गम्भीर चुनौती खडा हुन सक्छ। त्यसैले, नेपालले सन्तुलित र असंग्लन परराष्ट्र नीति अपनाएर भू-राजनीतिक चुनौती व्यवस्थापन गर्दै राष्ट्रिय सार्वभौमिकता र स्वाधीनताको रक्षालाई प्राथमिकतामा राख्नु पर्दछ।

### निष्कर्ष

नवउपनिवेशवाद २१औं शताब्दीको अदृश्य शक्ति संरचना हो। जसले प्रत्यक्ष उपनिवेश बिना नै राष्ट्रहरूको आर्थिक, राजनीतिक, सुरक्षा र सांस्कृतिक प्रणालीमा गहिरो प्रभाव पार्दछ। नेपालजस्तो भूराजनीतिक रूपमा संवेदनशील राष्ट्रका लागि यो प्रभाव अझ जटिल र बहुआयामिक बन्दै गएको छ। विदेशी सहायता, सैन्य सहकार्य, ऋण, प्रविधि र सांस्कृतिक प्रभावका नाममा देखिने सहयोगहरू दीर्घकालीन रणनीतिक निर्भरता सिर्जना गर्ने माध्यम हुन् सक्छ।

यस सन्दर्भमा, नेपालले नवउपनिवेशवादी प्रभावलाई सम्बोधन गर्न आर्थिक आत्मनिर्भरता, सन्तुलित परराष्ट्र नीति, पारदर्शी सम्झौता प्रणाली, सांस्कृतिक संरक्षण र प्रविधि आत्मनिर्भरता जस्ता बहुआयामिक नीति अवलम्बन गर्नु अपरिहार्य छ। यसले मात्र दीर्घकालीन राष्ट्रिय स्वाधीनता सुनिश्चित गर्न सक्छ।

त्यसैले नेपालले आफ्नो राष्ट्रिय हितलाई केन्द्रमा राख्दै सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्नु, आर्थिक आत्मनिर्भरता बढाउनु, सांस्कृतिक पहिचान मजबुत बनाउनु र नीतिगत स्वायत्तता सुनिश्चित गर्नु आजको प्रमुख ऐतिहासिक दायित्व हो। यसैमार्फत मात्र राष्ट्रिय आत्मसम्मान र नेपालको स्वाधीनता तथा सार्वभौमिकताको रक्षा सम्भव हुन्छ।

**सन्दर्भ सामग्रीहरू:**

Kwame Nkrumah (1965) . *Neo-Colonialism: The Last Stage of Imperialism* . Thomas Nelson & Sons .
World Bank (2024) . *Nepal Development Update* . Washington, DC .
Asian Development Bank (2023) . *Asian Development Outlook: Nepal Country Report* . Manila .
International Monetary Fund (2024) . *Nepal Article IV Consultation Report* . Washington, DC .
Government of Nepal, Ministry of Finance (2024) . *Public Debt Management Report* . Kathmandu .
Government of Nepal & Government of India (1950) . *Treaty of Peace and Friendship* .
Millennium Challenge Corporation (2017) . *Nepal Compact Agreement* .
Pant, H . V . (2020) . *The China–India Rivalry in South Asia* . Oxford University Press .
UNDP (2023) . *Human Development Report: Nepal* . New York .

## सुकुम्बासीमा बस्तीमा माइकिङ : अटेर गरे डोजर चलाउने चेतावनी

**काठमाडौं।** काठमाडौं महानगरपालिकाले खोला-किनारको सुकुम्बासी बस्तीहरूमा माइकिङ गर्दै हट्नलाई आग्रह गरेको छ। बिहीबार साँझदेखि तीन स्थान थापाथली, मनोहरा र सिनामंगल तीन वटा स्थानमा माइकिङ गर्न लगाइएको महानगर प्रहरी बल प्रमुख विष्णुप्रसाद जोशीले जानकारी दिएका हुन्।

महानगर प्रहरीले माइकिङ गर्दा अवैध रूपमा बनाइएका घर-टहराहरू वैशाख ११ गते साँझ ७ बजेभित्र खाली गर्नू, घर-टहरामा भएका आफ्ना सरसामान, लत्ता कपडा, घरपालुवा, पशुपंक्षी सुरक्षित स्थानमा तत्काल सार्ने व्यवस्था गर्नू, घर-टहराहरूमा बसोबास गर्ने अपांगता भएका, साना बालबालिका, गर्भवती, सुत्केरी, वृद्धवृद्धा एवं विरामीहरूलाई प्राथमिकताका साथ अन्यत्र सार्नू भनेको छ। यसका लागि काठमाडौं महानगरीय प्रहरी, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको समेत मद्दत लिनू, वैशाख १२ गते बिहान ६ बजेदेखि घर-टहराहरू भत्काउने र अतिक्रमित जग्गा पूर्ण रूपमा खाली गरिनेछ भन्दै माइकिङमा यो काममा बाधा पुऱ्याएमा कानुन बमोजिम कारबाही गरिनेछ भनेको छ। साथै सम्बन्धित मन्त्रालय तथा अन्य अधिकार प्राप्त निकायबाट वास्तविक भूमिहीन सुकुम्बासीहरूको लगत लिने र स्क्रिनिङको काम तत्कालै सुरू गरिनेछ र १० देखि १५ दिनभित्रै यकिन भएका वास्तविक भूमिहीनलाई बसोबासको उचित प्रबन्ध गर्ने तयारी छ भन्ने सूचना दिइएको छ।

कसैले उक्त सूचनाप्रति अटेर गरेमा संयुक्त कारबाही गर्दा भत्काइने संरचना र क्षति हुने व्यक्तिगत सम्पत्तिको जिम्मेवार आफैं हुनुपर्ने जानकारी गराइएको समेत जोशीले बताए। यथाशीघ्र बस्ती छाडेर सार्वजनिक स्थान २४ घण्टाभित्रै छाड्न भनेको उनले बताए। 'वैशाख १२ गते बिहान ६ बजेदेखि घर टहराहरू हटाउने र अतिक्रमित जग्गाहरू खाली गराउने काम हुनेछ' उनले भने।' जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी पवनकुमार भट्टराईले पनि अहिले महानगर बलले माइकिङ गर्न थालेको र नेपाल प्रहरीले सुरक्षा दिएको जानकारी दिए। 'महानगरले माइकिङ थालेको छ। प्रहरी सुरक्षाको दृष्टिकोणले खटिएको छ' उनले भने।

यसअघि बुधबार प्रधानमन्त्री बालेन शाहले शनिबार र आइतबार सुकुम्बासी बस्ती हटाउन सुरक्षा प्रमुखहरूलाई निर्देशन दिएका थिए। आईजीपी दान बहादुर कार्की र सशस्त्र प्रहरीका आईजी राजु अर्यालसहितका उच्च सुरक्षा अधिकृतहरूलाई बोलाएर प्रधानमन्त्री शाहले त्यस्तो निर्देशन दिएका थिए। आगामी शनिबार र आइतबार सम्ममा बागमति खोला किनारको बस्ती खाली गराउन प्रधानमन्त्रीबाट निर्देशन प्राप्त भएको छलफलमा सहभागी एक उच्च सुरक्षा अधिकृतले जानकारी दिए। ती अधिकृतका अनुसार त्यसबारे छलफल भएको र काठमाडौंका प्रमुख जिल्ला अधिकारीसँग यसबारे थप छलफल हुनेछ। काठमाडौं महानगरको मेयर हुँदा समेत सुकुम्बासी बस्ती हटाउने प्रयास गरे पनि उतिबेला सुकुम्बासीहरूले प्रतिवाद गरेका कारण महानगरको प्रयास बिफल भएको थियो।

# रडाको गर्नेहरू बाटो लागे हुन्छ : प्रचण्ड

**काठमाडौं ।** पूर्वप्रधानमन्त्री एवं नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेकपा स्थापनाको ७७औं वर्षगाँठ तथा लेनिन जयन्तीको अवसरमा केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित कार्यक्रममा धारणा व्यक्त गर्दै पार्टीमा बसेर रडाको गर्नेलाई बाटो लाग्न चेतावनी दिएका छन् । गत फागुन २१ को प्रतिनिधिसभा सदस्य निर्वाचनअघि नेकपा (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)लगायत २५ वटा वाम घटकलाई मिलाएर नेकपा गठन गरेका संयोजक दाहालले सबैलाई सच्चिन निर्देशन दिंदै सच्चिन नचाहनेलाई पार्टी छाड्न चेतावनी दिएका हुन् ।

'हामीले एकता गरेका छौं । धेरै बनाएका छौं । हामी कसैलाई फुत्किन त दिंदैनौं, तर यहाँ बसेर रडाको गर्ने चाहिँ नबसे हुन्छ' संयोजक दाहालले थपे 'आफ्नो बाटो लागे पनि हुन्छ मैले त साथीहरूलाई भनेको छु । सच्चिन चाहने जति हामीसँग बस्ने हो । नसच्चिने गए हुन्छ भनेको छु ।' संयोजक दाहालको उक्त अभिव्यक्तिलाई लिएर राजनीतिक वृत्तमा पार्टीभित्र संकट गहिरिँदै गएको आँकलन गरिएको छ । प्रतिनिधिसभा निर्वाचनमा अनपेक्षित नतिजा आएपछि चुनावी समीक्षासहित पार्टीको आगामी कार्यक्रम तय गर्ने प्रचण्डले गत चैत १९ गते केन्द्रीय कार्यसंयोजन समितिको बैठक बोलाए पनि २१ दिनसम्म पनि बैठकले कुनै निर्णय गर्न सकेको छैन ।

चैत २२ गते संयोजन समिति गठन गरेकोप्रति युवा नेताहरूले व्यापक असन्तुष्टि जनाएका छन् । वरीयतालाई लिएर संयोजन समितिका सदस्यहरू नै असन्तुष्ट देखिएका छन् । एकताका बेला छैटौं वरीयता मागेका पूर्वउपप्रधानमन्त्री डा. भीम रावल अल्फाबेटिक अनुसार राखिएपछि बैठकमै सहभागी भएका छैनन् । बैठकको पहिलो दिन रावलले करिब ३/४ मिनेट मौखिक धारणा राखेर बाहिरिएका डा रावल त्यसपछिका कुनै पनि बैठकमा सहभागी नभएको एक नेताले बताए । त्यस क्रममा संयोजक दाहालले रावलसँग भेटेरै कुरा गर्दा पनि विवाद नसुल्झिएको ती नेताले दावी गरे । दाहालको अभिव्यक्ति कसप्रति लक्षित थियो भनेर भन्न सक्ने अवस्था नरहेको बताएका ती नेताको भनाइ थियो 'वरीयताको विषयमा भीम रावलजी असन्तुष्ट हुनुहुन्थ्यो, उहाँले छैटौं वरीयता माग्नुभएको थियो । उहाँको प्रस्ताव अस्वीकृत भएपछि बैठकमा आउनु भएको छैन ।'

अर्का नेताका अनुसार खासगरी साविक माओवादी र एकीकृत समाजवादीका नेताहरू पनि वरीयतालाई लिएर सन्तुष्ट नदेखिएको बताए । एकीकृत समाजवादीबाट एकतामा आएका धेरैजसो पदाधिकारी तत्कालीन एमालेको पाँचौं र छैटौं महाधिवेशनका केन्द्रीय सदस्य रहेका छन् । चैत २२ गते संयोजक दाहाल, सह-संयोजक माधव कुमार नेपालपछि तेस्रो नम्बरमा पूर्वप्रधानमन्त्री झलनाथ खनालसहित ४५ सदस्यीय संयोजन समिति गठन भएको थियो । चौथो र पाँचौं नम्बरमा पूर्वउपप्रधानमन्त्रीहरू वामदेव गौतम, नारायणकाजी श्रेष्ठ रहेका छन् । तीबाहेक सबैको अल्फाबेट अनुसार नाम राखिएको छ । साविक पार्टीका पदाधिकारीलाई मिलाएर केन्द्रीय संयोजन समिति गठन गरिएको थियो ।

कार्यक्रमका प्रस्तोता रहेका नेता राजेन्द्रप्रसाद श्रेष्ठले भने संयोजक दाहालको अभिव्यक्ति पार्टीभित्रका कुनै नेता लक्षितभन्दा पनि सामान्य रूपमा आएको जिकिर गरे । उनले पार्टीभित्रका कसैले पनि निराशा व्यक्त गर्न नहुने सन्दर्भमा प्रचण्डबाट त्यस्तो अभिव्यक्ति आएको हुनसक्ने स्पष्ट पारेका थिए ।

'बैठकमा कुनै पनि नेताले नेतृत्वविरुद्ध असन्तुष्टि पोखेको देखिएन । वैचारिक र सैद्धान्तिक रूपमा पार्टीलाई कसरी अगाडि बढाउने भन्ने विषयमा विचार विमर्श भएका थिए । प्रचण्डले कुनै नेता विशेषलाई लक्षित अभिव्यक्ति दिएजस्तो मलाई लाग्दैन' नेता श्रेष्ठको भनाइ थियो 'पार्टीमा कसलाई पनि कारबाही हुँदैन । विचार, सिद्धान्त मिल्नेहरू बस्ने हो । निराशा व्यक्त गर्ने, पार्टीको काम छैन भन्ने लाग्छ भने पार्टी छोड्ने अधिकार सबैमा रहेको आशयमा भन्न खोज्नु भएको होला ।'

पार्टी एकता भएको ६ महिना बितिसक्दा समेत अहिलेसम्म विधान बमोजिम केन्द्रीय सचिवालय, केन्द्रीय कार्यसमिति गठन हुन सकेको छैन । एकता प्रक्रियामा आएका सबै केन्द्रीय समिति सदस्यलाई मिलाएर २ हजार ४९९ सदस्यीय केन्द्रीय समिति गठन भएको छ । जनवर्गीय संगठन, मोर्चाहरूको समायोजनमा काम हुन सकेको छैन । नेकपामा अहिले भएको केन्द्रीय समितिलाई महाधिवेशन आयोजक समिति बनाएर महाधिवेशनमा जाने कि भंग गरेर अर्को महाधिवेशन आयोजक समिति बनाउने भन्नेमा पनि नेताहरूबीच मतभेद देखिएको छ ।

संयोजन समितिका सदस्य चक्रमाणि खनाल 'बलदेव'ले भने 'अहिले केन्द्रीय कार्यसमितिले पूर्णता पाउने अवस्था छैन । सचिवालय गठन र संयोजन समितिमा रहेका नेताहरूको कार्यविभाजन हुनसक्छ । बैठकले महाधिवेशनको मिति तय गरेर केन्द्रीय समिति बैठकमा प्रस्ताव लैजान सक्छ ।' उनले बैठकमा पेस भएको प्रतिवेदनको पुनर्लेखन, जनवर्गीय संगठनको समायोजन र नेताहरूको कार्यविभाजन मिलाउनुपर्ने भएकाले बैठक स्थगित भएको उल्लेख गरे ।

'सबैले नेतृत्व हस्तान्तरणको कुरा त गर्छन्, तर सबै गगन-विश्वप्रकाश बन्न सक्दैनन्' अर्का एक नेताको भनाइ थियो 'सबै मदन भण्डारी र प्रचण्ड बन्न सक्दैनन् । मेरो अनुभवमा नेकपाभित्र प्रचण्ड जत्तिको नेतृत्व क्षमता भएको व्यक्ति अर्को छैन । स्वविवेकले नेतृत्व त्यागेर नयाँ पुस्तालाई प्रचण्डले समर्थन गर्नुभयो भने पार्टी चल्न सक्ला, नभए अर्को पुस्ता तयार भएको छैन ।'

ती नेताले एमालेमा झन्डै १५ वर्ष महासचिव चलाएका माधव नेपाल, माओवादीका उपाध्यक्ष रहेका बाबुराम भट्टराई, मोहन वैद्य, नेता नेत्रविक्रम चन्द 'विप्लव' एवं निर्वाचनकै आसपास पार्टीबाट अलग भएका जनार्दन शर्मासम्मले पार्टी निर्माण गर्न नसकेको विश्लेषण गरे ।

नेकपाभित्रका युवा नेताहरूमा दुईथरी विचार देखा परेका छन् । युवा नेताहरूले चुनावमा पराजयको नैतिक जिम्मेवारी लिँदै पार्टी रूपान्तरण तथा पुनर्गठनका लागि नेतृत्व हस्तान्तरण हुनुपर्नेमा अभियान चलाएका छन् । अनेरास्ववियु (क्रान्तिकारी)का पूर्वअध्यक्षहरू लेखनाथ न्यौपाने, रञ्जित तामाङ, युवा नेताहरू युवराज चौलागाई, रामदीप आचार्य, डीपी ढकाल, रामप्रसाद सापकोटा लगायत पार्टी रूपान्तरण तथा पुस्तान्तरणको पक्षमा लागेका छन् । उनीहरूले पुराना पुस्ताका नेताहरू वैचारिक प्राधिकारको रूपमा रहने र युवाहरूलाई नेतृत्व हस्तान्तरण गर्नुपर्नेमा जोड दिएका छन् । वामपन्थी पुनर्गठनको अभियान चलाइरहेका तामाङले तत्काल महाधिवेशनमा जानुपर्नेमा जोड दिए ।

'अहिले नेतृत्व तहमा रहेका नेताहरूलाई अपमान तरिकाले हटाउन खोजिएको होइन । उहाँहरूको योगदानको कदर गर्दै वैचारिक र सैद्धान्तिक प्राधिकारमा रहनोस् । संगठनको नेतृत्व हस्तान्तरण हुनुपर्छ भनेको हो । यथास्थितिमा अब पार्टी चल्न सक्दैन' तामाङको भनाइ थियो 'तत्काल महाधिवेशनमा गएर नयाँ नेतृत्व छनोट गर्नुपर्छ ।'

अर्कातर्फ युवराज दुलाल, बागमती प्रदेशका संयोजक सरल सहयात्री पौडेल, माधव सापकोटा लगायतका युवा नेताहरूले स्पष्ट विधि, पद्धति नबनाइकन नेतृत्व हस्तान्तरण गर्नुको कुनै औचित्य नभएको तर्क गरिरहेका छन् । 'पार्टीले स्पष्ट विधि, पद्धति नबनाएसम्म नेतृत्व हस्तान्तरण भनेर केही हुँदैन । तत्कालै नेतृत्व हस्तान्तरण गर्नुपर्छ भन्ने तर्कसँग म सहमत छैन । पार्टी रूपान्तरण र नेतृत्व हस्तान्तरणका लागि महाधिवेशनमा जानुपर्छ' पौडेलको भनाइ थियो '६ महिनाभित्र महाधिवेशन गर्ने भनेर प्रस्ताव आइसकेको अवस्थामा तत्काल नेतृत्व हस्तान्तरण गर्नुपर्छ भन्नुको औचित्य छैन ।'

# गृहमन्त्रीलक्षित लिङ्देनको जवाफ : 'स्टन्टले देश चल्दैन'

**काठमाडौं ।** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले गृहमन्त्री सुधन गुरुङ सम्पत्ति शुद्धीकरण मुद्दामा पक्राउ परेका व्यवसायी दीपक भट्टसँगको साझेदारीबारे तत्काल स्पष्ट गर्न सरकारसँग माग गरेका छन् ।

मन्त्री गुरुङले भट्ट सम्बद्ध स्टार माइक्रो इन्स्योरेन्स कम्पनीमा आफ्नो नाममा शेयर लिएको कागजात सार्वजनिक भएपछि अध्यक्ष लिङ्देनले सोही विषयलक्षित गर्दै तत्काल स्पष्ट पार्न सरकार, सत्तारुढ रास्वपाको नेतृत्वसँग माग गरेका हुन् । राप्रपाद्वारा काठमाडौंमा सोमबार आयोजित एक कार्यक्रममा बोल्दै उनले सुशासनको कुरा गर्ने सरकारले गृहमन्त्रीबारे सञ्चार माध्यममा आइरहेका विषयमा स्पष्ट पार्नुपर्नेमा जोड दिएका छन् ।

'सुशासनको कुरा गर्ने गृहमन्त्रीको बारेमा अहिले सञ्चार माध्यममा जे आइराखेको छ । त्यसको बारेमा सरकारले तत्काल आफ्नो धारणा स्पष्ट पार्नुपर्छ' अध्यक्ष लिङ्देनले भनेका छन् 'गृहमन्त्रीले आफ्नो पोशिजन क्लियर गर्नुपर्छ । पार्टी सभापतिले गृहमन्त्रीको बारेमा आफ्नो पोजिशन क्लियर गर्नुपर्छ ।'

स्टन्टको भरमा देश नचल्ने बताउँदै उनले सरकारको आलोचना गरेका छन् । अनधिकृत रूपमा बनाइएको सडक छेउका घरटहरा भत्काउने नाममा सरकारले राज्य आतंक फैलाएको अध्यक्ष लिङ्देनले आक्रोश व्यक्त गरे ।

'मैले अस्ति भरखरै सञ्चार माध्यममा हेरिराखेको थिएँ, सामाजिक सञ्जालमा हेरिराखेको छु । म लाइसेन्स नवीकरण गर्न गएको थिए । लाइसेन्स पाइनँ तर बाँढिराखेको छ भनेर स्टन्ट गरिएको छ' उनको भनाइ थियो 'अब त्यस्तो स्टन्टले देश चल्दैन ।'

# कांग्रेस अन्तर्कलह : कोइराला परिवारले त्याग्यो देउवा

**काठमाडौं ।** नेपाली कांग्रेस भित्र उत्कर्षमा पुगेको अन्तरकलहले पुरानो संस्थापन कोइराला परिवारका नेताहरूले पूर्व सभापति शेरबहादुर देउवा गुट त्याग गरेका छन् ।

विशेष महाधिवेशनपछि देउवा पक्षसँगै सहकार्यमा रहेका डा. शेखर कोइराला, डा. सशांक कोइराला लगायतका नेताहरू पछिल्लो पटक देउवा गुटका केन्द्रीय सदस्यहरूको भेलामा सहभागी नभएका हुन् । कोइराला परिवारलगायतका नेताहरू वर्तमान सभापति गगनकुमार थापासँगै सहकार्य गरेर जान तयार भएको बुझिएको छ । सर्वोच्च अदालतले गगन थापा पक्षधरलाई नै आधिकारिक कांग्रेसको मान्यता दिएपछि उनीहरूले देउवा गुट त्यागेका थिए । धुम्बाराहीस्थित एक होटलमा १४औं महाधिवेशनबाट निर्वाचित देउवा पक्षका नेताहरूलाई बोलाएको हो ।

बैठकमा विमलेन्द्र निधि, प्रकाशमान सिंह, कृष्ण सिटौला, रामहरि खतिवडा, मीन विश्वकर्मालगायत सहभागी छन् । सर्वोच्च अदालतले विशेष महाधिवेशनलाई मान्यता दिएपछि असन्तुष्ट रहेका पूर्वसभापति शेरबहादुर देउवा पक्षको नेतृत्व गरेका नेता खड्काले शनिबार आफ्नै निवासमा आफू निकटका नेताहरूसँग छलफल गरेका थिए ।

खड्काले नेताहरू विमलेन्द्र निधि, डा. शशांक कोइराला, कृष्ण सिटौला, प्रकाशमान सिंह, डा. प्रकाशशरण महत, एनपी साउद, मीन विश्वकर्मा, रमेश लेखकलगायतका नेताहरूसँग छलफल गरेका थिए । शेखर, शशांकनिकट नेताहरूको छलफलमा सर्वोच्च अदालतको फैसला स्वीकार गर्दै पार्टीको बृहत्तर एकताका पक्षमा उभिने निष्कर्ष निकालेको छ । शेखरको सम्पर्क कार्यालय विशालनगरमा निवर्तमान उपसभापति धनराज गुरुङले हाल विराटनगरमा रहेका शेखरसँग छलफलका लागि समन्वय गरेका थिए ।

छलफलमा पूर्वमहामन्त्री शशांक कोइरालासहित उनीपक्षीय नेता तथा सांसदहरू समेत उपस्थित थिए । उपसभापति गुरुङले शेखर र शशांकबीच छलफल भएको र अदालतको फैसला स्वीकार गर्दै पार्टीको बृहत्तर एकताका पक्षमा लाग्ने निष्कर्ष निकालिएको जानकारी दिए । उक्त छलफलमा उपसभापति गुरुङ, पूर्वमहामन्त्री शशांक, निवर्तमान सहमहामन्त्रीहरू जीवन परियार र बद्री पाण्डे, नेताहरू मीनेन्द्र रिजाल, दिलेन्द्रप्रसाद बडू, सरिता प्रसाईं, चन्द्रमोहन यादव, सीता थपलियालगायत सहभागी थिए ।

छलफलले गगन थापा नेतृत्वलाई स्वीकार गरेर अघि बढ्ने निष्कर्ष समेत निकालेको छ । गत पुसमा विशेष महाधिवेशनबाट थापालाई सभापति बनाएको थियो । विशेष महाधिवेशनमा तत्कालीन सभापति शेरबहादुर देउवा र शेखर तथा शशांक कोइराला पक्ष सहभागी भएको थिएन । सर्वोच्चले समेत विशेष महाधिवेशनलाई मान्यता दिएको छ ।




# 'प्रधानमन्त्री हुनु नपरेकोमा' प्रचण्ड 'खुसी' !

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहालले गत फागुन २१ मा भएको निर्वाचन परिणामले आफूहरूलाई सत्ता बाहिर राखेपछि पार्टी सच्याउने सच्चिने अवसर दिएको बताएका छन् । नेकपा स्थापनाको ७७औं वर्षगाँठ एवं लेनिन जयन्तीको अवसरमा पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित कार्यक्रममा बोल्दै उनले युवाहरू पार्टी नेतृत्वमा ल्याएर पार्टी पुनर्गठन गर्ने बताएका हुन् ।

यसपटकको निर्वाचनमा नेकपा १७ सिटसहित चौथो दल बनेपछि दाहालको वामपन्थीको पुनर्गठनको आवश्यकतातर्फ औंल्याएका छन् । 'आफ्नै कमीकमजोरी सच्याएर आउँदा महाधिवेशनसम्म जाँदा तलदेखि माथिसम्म युवा गतिशील नेतृत्वलाई प्राथमिकता दिने र पुराना पुस्ताले नयाँ रूपमा भूमिका खेल्ने गरी पार्टी बनाउँछौं' उनको भनाइ थियो 'आश्विनसम्म महाधिवेशन गर्न छलफल भइरहेको छ ।' उनले आफूहरू सत्तामा रहँदा गरेको कमजोरी र विकृतिको सजाय जनताले निर्वाचनमार्फत दिएको समेत बताए । उनले सत्तामा रहँदा पार्टीभित्र फोहोर थुप्रिँदै गएको समेत स्वीकार गर्दै भने 'सायद हामी सत्तामा बस्दा, कुर्सीमा बस्दाबस्दा धेरै फोहोरहरू हामीभित्र जम्मा हुँदै गएको थियो । अहिले जनताले हामीलाई घृणा गरेको होइन, जनताले हामीलाई नुहाइधुवाइ गरेर आऊ भनेर सवक सिकाएको हो । त्यसकारण हामीले फोहोरमैला सफा गर्ने अवसर र त्यसलाई सुधार गर्ने अवसरका रूपमा पनि यसलाई लिनुपर्छ ।'

उनले अहिले क्षणिक रूपमा कम्युनिस्ट आन्दोलने धक्का खाएको देखिएको चर्चा गर्दै उनले कम्युनिस्टहरूमा गल्ती स्वीकार गर्ने र सुधार्न सक्ने क्षमता रहेको समेत बताए ।

नेकपाको स्थापना दिवस तथा लेनिन जयन्तीको अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले नेपाली क्रान्तिलाई अगाडि बढाउँदै सबैखाले विभेदको अन्त्य गरी समतामूलक समाज निर्माण गर्न समाजवाद र साम्यवादको लक्ष्य बोकेका सबै वामपन्थी तथा कम्युनिस्ट शक्तिहरूबीच एकता आवश्यक रहेको बताए । 'वर्तमान विश्व परिवेशमा साम्राज्यवाद राष्ट्रिय स्वाधीनता र जनताको आत्मनिर्णयको अधिकारविरुद्ध झन् आक्रामक फासिवादी दिशातिर अगाडि बढिरहेको सन्दर्भमा महान लेनिनका शिक्षा र आदर्श अझ सान्दर्भिक बनेका छन्' संयोजक दाहालको सन्देशमा भनिएको छ 'यस परिस्थितिमा नेपाली क्रान्तिलाई अगाडि बढाउँदै सबैखाले विभेदको अन्त्य गरी समतामूलक समाज निर्माण गर्न समाजवाद र साम्यवादको लक्ष्य बोकेका सबै वामपन्थी तथा कम्युनिस्ट शक्तिहरूबीच उकता आजको ऐतिहासिक आवश्यकता बनेको छ ।'

नेकपाले अघि सारेको मार्गदिशाअनुरूप सामन्ती निरंकुशताको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रमा आइपुगेको चर्चा गर्दै उनले कम्युनिस्ट आन्दोलनले मात्रै उपेक्षित र उत्पीडित समुदायहरूको अधिकार र राष्ट्रिय स्वाधीनताको वास्तविक संरक्षण गर्न सक्छ भन्ने इतिहासले प्रमाणित गरेको बताए । 'तसर्थ, नेपाली कम्युनिस्टहरूको काँधमा विगतका बलिदानीपूर्ण संघर्षका उपलब्धिहरूको रक्षा गर्दै आम गरिब किसान तथा श्रमजीवी जनताको पक्षमा क्रान्ति अगाडि बढाउने जिम्मेवारी अझ बढेको छ । इतिहासले सुम्पेको यही जिम्मेवारी पूरा गर्न नेपाल कम्युनिस्ट पार्टीको पहिलो पर्चा तथा घोषणापत्र र त्यसपछिका विकसित विचारहरूको संश्लेषण गर्दै नेपाली कम्युनिस्ट आन्दोलनको समग्र पुनर्गठनका लागि म सबैमा हार्दिक आह्वान गर्दछु' शुभकामना सन्देशमा भनिएको छ 'हार्दिक शुभकामना व्यक्त गर्दछु । यस ऐतिहासिक अवसरमा न्याय र स्वतन्त्रता, समानता प्राप्तिको संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, घाइते, अपांग तथा शहीद परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्दछ ।'

# रास्वपाकै सांसदले उठाए प्रश्न गृहमन्त्री गुरुङद्वारा राजीनामा

**काठमाडौं ।** गृहमन्त्री सुधन गुरुङको सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरको अनुसन्धानमा तानिएका व्यवसायी दीपक भट्टसँग व्यावसायिक साझेदारी रहेको सार्वजनिक भएपछि पदबाट राजीनामा दिएका छन् । सेयर लगानीको स्रोत र सम्पत्ति शुद्धीकरण अनुसन्धानमा हिरासतमा रहेका दीपक भट्टसँगको व्यवसायिक साझेदारी विवादमा परेको गुरुङले बुधबार आफ्नो पदबाट राजीनामा दिएका हुन् । बिचौलियासँग सहकार्य रहेको विवरण सार्वजनिक भएपछि गुरुङले सामाजिक सञ्जालमार्फत राजीनामा घोषणा गरेका हुन् ।

स्वार्थको द्वन्द्व नहोस् भनेर राजीनामा दिएको दावी गर्दै गुरुङले लेखेका छन् 'मसँग सम्बन्धित विषयमा निष्पक्ष छानबिन होस् र पदमा रहँदा कन्फ्लिक्ट अफ इन्ट्रेस्ट नदेखियोस् र त्यसमा कुनै असर नपरोस् भन्ने उद्देश्यले मैले आजकै मितिदेखि लागू हुने गरी गृह मन्त्री पदबाट राजीनामा दिएको छु ।' गुरुङले मन्त्री भएको एक महिना नबित्दै विवादमा तानिएछि राजीनामा दिन बाध्य भए । उनले चैत १३ गते शपथ लिएका थिए ।

सम्पत्ति शुद्धीकरणको अनुसन्धानका क्रममा केही साता पहिला प्रकाउ परेर प्रहरी हिरासतमा रहेका दीपक भट्टसँग गुरुङको कनेक्सन भेटिएको बाहिरिएपछि उनीमाथि नैतिकता र आर्थिक आचरणमाथि प्रश्न उठेको छ । सुशासनको चर्को नारा दिने र समाजसेवीका रूपमा आफूलाई चिनाउन खोज्ने गुरुङ केही दिन पहिला प्रधानमन्त्री तथा मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्दा नै अस्वाभाविक सम्पत्ति देखिएपछि धेरैले प्रश्न गरेका थिए । गुरुङले आफूमाथि उठेको उक्त प्रश्नको समेत जवाफ दिन चाहेनन् बरु एकपछि अर्को प्रश्नबाट भाग्दै आएका गुरुङ बिचौलिया भट्टसँगको कनेक्सन सार्वजनिक भएका अन्य प्रकरण भन्दा महँगो पर्ने देखिएको छ ।

सार्वजनिक तथ्यहरूका अनुसार 'स्टार माइको इन्स्योरेन्स कम्पनी लिमिटेड' मा भट्ट र सुलभ अग्रवालसँगै गुरुङको पनि साझेदारी रहेको देखिन्छ । भट्ट र अग्रवाल सम्पत्ति शुद्धीकरणको अनुसन्धानका क्रममा हिरासतमा छन् । उक्त इन्स्योरेन्समा गुरुङको २५ लाख रुपैयाँ सेयर लिएको लगानी भएको देखिएको छ । सो कम्पनी २०७९ सालमा लाइसेन्स पाएको लघु बिमा कम्पनी हो । आईओ समेत निष्काशन हुन बाँकी रहेको उक्त कम्पनीमा दीपक भट्ट लगानी रहेको कम्पनी इन्फिनिटी होल्डिङ्स, जगदम्बा ग्रुप तथा शंकर ग्रुपको लगानी रहेको देखिन्छ । जसका सञ्चालकहरू हाल सम्पत्ति शुद्धीकरणको अनुसन्धानका क्रममा प्रहरी हिरासतमा छन् ।

उक्त इन्स्योरेन्समा सेयर देखिए पनि सुधनले आफ्नो सम्पत्ति विवरणमा खुलाएका थिएनन् । सुधनले प्रधानमन्त्री तथा मन्त्रिपरिषदलाई कार्यालयमा बुझाएको सम्पत्ति विवरणमा होप होल्डिङ्स र अनुज प्रिमियम अपार्टमेन्टस नामक कम्पनीमा मात्रै संस्थापक शेयर लगानी भएको उल्लेख गरेका थिए ।

# देशलाई युद्धको 'ब्याटल ग्राउन्ड' बनाउने कुनै काम नगर्नू : साम्पाङ

**काठमाडौं ।** श्रम संस्कृति पार्टीका अध्यक्ष एवं प्रतिनिधि सभा सदस्य हर्क साम्पाङले देशको समग्र विकास, सुशासन र स्वाधीनताका लागि ३४ बुँदे सुझावसहितको प्रतिबद्धता पत्र सार्वजनिक गरेका छन् ।

राजधानीमा मंगलबार एक पत्रकार सम्मेलनमार्फत अध्यक्ष साम्पाङले परराष्ट्र नीति, शिक्षा, श्रम र आर्थिक विकासका क्षेत्रमा आमूल परिवर्तनको खाका प्रस्तुत गर्दै सरकारको ध्यानाकर्षण गराएका हुन् । उनले प्रस्तुत गरेको सुझावको मुख्य प्राथमिकतामा नेपालको असंलग्न परराष्ट्र नीति र राष्ट्रिय सार्वभौमिकता रहेको छ । साम्पाङले एमसीसी र एसपीपी जस्ता सैन्य रणनीतिसँग जोडिन सक्ने सम्झौताहरू खारेज गर्नुपर्ने र देशलाई कुनै पनि विदेशी हस्तक्षेपबाट मुक्त राख्नुपर्नेमा जोड दिएका छन् । उनले सीमा रक्षाका लागि सेना परिचालन गर्नुपर्ने र छिमेकी मुलुकसँगका सीमा विवादलाई कूटनीतिक माध्यमबाट हल गरी अवैध निर्माण तत्काल रोक्नुपर्ने उनको माग रहेको छ ।

उक्त सुझावमा साम्पाङले सीमा रक्षाका लागि सेना परिचालन गर्नुपर्ने र छिमेकी मुलुकसँगका सीमा विवादलाई कूटनीतिक माध्यमबाट हल गरी अवैध निर्माण तत्काल रोक्नुपर्ने माग गरेका छन् । पत्रकार सम्मेलनमार्फत परराष्ट्र नीति, शिक्षा, कृषि, सुशासन र नागरिक अधिकारका विषयमा श्रम संस्कृति पार्टीको परराष्ट्र नीतिलाई सुदृढ गर्दै देशलाई विदेशी हस्तक्षेपबाट जोगाउनु पर्नेमा साम्पाङले जोड दिएका छन् । एमसीसी, एसपीपी र हाल चर्चामा रहेको 'बफर स्टेट' जस्ता सैन्य रणनीतिसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिने सन्धि सम्झौता नगर्न सरकारलाई सुझाव दिएका छन् ।

'नेपाल एक सार्वभौमसत्ता सम्पन्न मुलुक हो, हामी असल छिमेकी भएर प्रस्तुत हुनुपर्छ तर हाम्रो देशलाई युद्धको ब्याटन ग्राउन्ड बन्न दिने गरी बफर स्टेटको व्याख्या गरिरहनु पर्दैन' अध्यक्ष राईले वर्तमान शिक्षा प्रणालीले उत्पादन र आविष्कार गर्न नसकेको भन्दै हप्ताको तीन दिन मात्र किताब पढाउने र बाँकी चार दिन श्रम, सीप, सिर्जना र आविष्कारमा लगाउनुपर्ने बताएका छन् । 'किताब घोकाउने शिक्षाको अन्त्य गरेर व्यवहारिक शिक्षामा जोड दिनुपर्छ । यसका लागि सरकारले शुरुमा पाठ्यभार र पाठ्यक्रम घटाउनु पर्छ' उनले भनेका छन् । सीमा रक्षाका लागि नेपाली सेनालाई सीमावर्ती क्षेत्रमा परिचालन गर्नुपर्ने र छिमेकी मुलुकहरूसँग नियमित छलफल गर्नुपर्ने सुझाव पार्टीले दिएको छ । उनले नेपालको शिक्षा प्रणालीमा क्रान्तिकारी परिवर्तनको प्रस्ताव गर्दै 'किताबी ज्ञान मात्र शिक्षा होइन' भन्ने अघि सारेका छन् ।

हप्ताको तीन दिन मात्र किताब पढाइने र बाँकी चार दिन श्रम, सीप, सिर्जना र आविष्कारमा विद्यार्थीलाई लगाउनु पर्ने उनको सुझाव छ । कृषि क्रान्तिलाई सिंहदरबार र विश्वविद्यालयको कागजमा मात्र सीमित नराखी सिधै किसानको खेतबारीसम्म पुऱ्याउनुपर्ने र 'एक पालिका एक उद्योग, एक परिवार एक रोजगार'को नीति कडाइका साथ लागू गर्नुपर्ने उनको सुझाव छ ।

यस्ता छन् साम्पाङका ३४ बुँदे प्रतिबद्धता

१. असंलग्न परराष्ट्र नीतिलाई कायम र सुदृढ गर्दै देशलाई विदेशी हस्तक्षेप बाट मुक्त गरियोस् राखियोस्, mcc, spp, buffer state जस्ता सन्धि सम्झौता, तालमेल र सैन्यरणनीति र युद्धसँग प्रत्यक्ष या परोक्ष जोइनेजोडिने अवस्था र घोषणा गर्ने कार्य नगर्ने,

२. सिमा रक्षामा जोड दिने, छिमेकी मूलुकहरूसँग नियमित छलफल निरीक्षण र निर्माण गरी सिमाको रक्षा गरी सबै मुलुकसँग जोडिएका सिमावर्ती क्षेत्रमा सेवा सुरक्षाको प्रत्याभूति गर्ने, सेनालाई सिमा रक्षामा लगाउने, अवैध तरिकाले भइराखेको निर्माण कार्यहरू रोक्ने रोक्न लगाउने ।

३. भौतिक पूर्वाधार, आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक विकासमा आफ्नै मौलिक शैली, आधुनिक प्रविधि र आफ्नै प्राकृतिक स्रोत साधन र जनशक्ति परिचालन गरेर स्वाधीन अर्थतन्त्रको विकास गर्ने,

४. नुन, तेल, उर्जा र पेट्रोलियम पदार्थ जस्ता दैनिक चाहिने अत्यावश्यक आधारभूत आवश्यकताहरूका मूल्य सामान्य र स्वाभाविक बनाइराख्ने, जन जीवनलाई सामान्य बनाइराख्न आवश्यक भूमिका खेली नेतृत्व लिने,

५. श्रम, श्रमदान, उत्पादन, निर्माण, आविष्कार अन्वेषणलाई नै शिक्षा हो भन्ने मूल मान्यता स्थापित गर्दै शिक्षामा तात्विक परिवर्तन ल्याउने, उत्पादन गर्न नसक्ने शिक्षा, निर्माण गर्न नजान्ने शिक्षा र आविष्कार गर्न नचाहने शिक्षाले जीवनमा सकारात्मक परिवर्तन ल्याउन नसक्ने हुँदा हप्ताको तीन दिन भन्दा बढी किताब घोकाउने शिक्षाको अन्त्य गरी व्यवहारिक शिक्षामा जाने लाने, हप्ताको ३ दिन किताब र बाँकीको ४ दिन श्रम, सीप र सृजना सिकाएर उत्पादन, निर्माण, सृजना र आविष्कार गर्न सिकाउने,

६. कृषीलाई नै शिक्षा र उद्योगको आधार मान्ने, विश्वविद्यालय, मन्त्रालय र सिंहदरबार भित्र सिमित कागजी कृषी क्रान्तिलाई खेतबारी र गाउँघर सम्म पुर्याउने, सिंचाइ, मलखाद, वीउविजन र प्रविधि अनि श्रम गर्ने श्रम संस्कृतिलाई किशानसम्म पुऱ्याउने,

७. कम्तीमा एकपालिका एक उद्योग, एक परिवार एक रोजगारको नीति लागु गर्ने,

८. विदेशी ऋण र अनुदानको भरमा नभएर आफ्नो जनशक्ति र प्राकृतिक स्रोत परिचालन गरी देशलाई अघि बढाउने नीति लिनु पर्ने, युवालाई यही देशमा गरिखान सक्ने वातावरण निर्माण जोड दिने, विदेशी हस्तक्षेप बढाउने आइ.एन.जी.ओ. हरू खारेज गर्ने,

९. देश विकासको अवधारणामा सिमावर्ती क्षेत्रलाई पहिलो प्राथमिकता दिने र गाउँघरलाई प्राथमिकतामा राखेर काठमाण्डौलाई मात्रै नेपाल ठान्ने किसिमको विकास नगरी सबै तिर बजेट विनियोजन गर्ने, उपत्यका बाहिर पनि नेपाल छ भन्ने आभास सरकारलाई हुने गरी र नेपाल सरकार हामी सबैको हो भन्ने गरी उपत्यका बाहिर विशेष गरी गाउँ केन्द्रत विकासमा जोड दिने, संघीयतालाई व्यवहारिक ढंगले लागु गर्ने, सत्ता पक्षको मात्रै हालिमुहाली हुने किसिमले होइन भूगोल, जनसंख्या र आवश्यकताको आधारमा प्राथमिकता दिई सन्तुलित विकासका लागि बजेट विनियोजन गर्ने, सिमावर्ती क्षेत्रमा विकास केन्द्रित गर्ने,

१०. पारदर्शी र जवाफदेही जनताको सरकार बनाउने, प्रश्न देखि भाग्ने, प्रतिपक्ष देखि टाढा जाने, जवाफदेहिताविहिन सरकार नबन्ने, जनताको सुरक्षा र सेवा प्रवाहमा ध्यान दिने,

११. सुकुम्बासी तथा व्यवसायीहरूलाई व्यवस्थित गर्ने नीति लागु गर्ने, विस्थापन र दमनको नीति लागु नगर्ने, उचित पुनर्बास र क्षतिपूर्तीको प्रवन्ध मिलाउने,

१२. प्रकृति र बस्ती संरक्षण, जलवायु संरक्षण जस्ता संरक्षण तथा विपद व्यवस्थापनमा विशेष कार्यक्रम प्रभावकारी लागु गर्ने,

१३. सुशासनका निम्ति भ्रष्टाचार अन्त्य गर्ने, निष्पक्ष, मितव्ययी, पारदर्शी, जवाफदेही, दुरदर्शी, परिपक्क र दीर्घकालीन कामहरू गर्ने,

१४. देशै भरि शान्ति सुव्यवस्था कायम गर्न आवश्यक सबै खाले उपायहरू अपनाउने, नैतिक शिक्षा, सामाजिक शिक्षा लगायत अर्थ उपार्जन र व्यवस्थापन शिक्षा लागु गरी आपराधिक गतिविधि घटाउन अग्रगामी पहल गर्ने,

१५. खानेपानी, स्वास्थ्य, शिक्षा, सडक, बिजुलीबत्ती जस्ता आधारभूत आवश्यकता परिपूर्तीमा जोड दिने,

१६. किशान, मजदुर, सुकुम्बासीका समस्या पहिचान गरी सामाधानको पहल गर्ने, धनीको मात्रै होइन गरीबको पनि हो यो देश भन्ने व्यवहार देखाउने, गरीबी निवारणका नीति तथा कार्यक्रम प्रभावकारी लागु गर्ने, किशान र मजदुरको सुरक्षाको प्रबन्ध मिलाउने,

१७. भुटानी शरणार्थी जस्ता शरणार्थीहरूको समस्यालाई हल गर्न सक्रीय भूमिका खेल्ने र आवश्यक समन्वय र सहकार्य गरी समस्याहल गर्ने,

१८. सबै खाले विभेदको अन्त्य गरी नागरिकलाई सुशासन महशुस गराउने, सेवा सुबिधा र अवसरहरूमा हुने गरिने विभेदको अन्त्य गरी समतामूलक समाज निर्माणमा जोड दिने,

१९. भूपु गोर्खा सैनिकहरूको समान पेन्सनका लागि नेपाल सरकारले आवश्यक सबै सहयोग र पहल गर्ने, नेपाल सरकारले गरेको सन्धि अन्तर्गत गएका हुनाले भूपु गोर्खाहरूको नागरिकता यथावत राख्ने,

२०. व्यवस्था परिवर्तन तथा राजनीतिक आन्दोलनका शहीद, वेपत्ता, घाइतेहरूको वास्तविक अभिलेख राखी राज्यले विशेष सेवा सुबिधा प्रदान,

२१. परिवारविहिन सडकका अनाथ असहायहरूको पहिचान गरी संरक्षण र व्यवस्थापन गर्ने, उनीहरूको जीवन संरक्षण गर्ने, ससम्मान बाँच्न पाउने अधिकार ग्यारेन्टी गर्ने, परिवार जन

२२. सहकारी ठगहरूलाई कारवाही गर्ने, जीबी राई लगायतका ठगी प्रकरणमा आरोपितहरूलाई पक्रेर ल्याउने र को दोषी को निर्दोष टुंगो लगाएर दोषी उपर कारवाही गर्ने, सहकारी पिडितहरूको बचत पैसा फिर्ता गर्ने, पैसा फिर्ता गर्दा राज्य कोषबाट नभई ठगहरूकै जायजेथा लिलाम गरी पैसा फिर्ता दिने,

२३. लोकतन्त्रलाई बलियो बनाउन मर्यादित र स्वतन्त्र पत्रकारिता र नागरिकको अभिव्यक्ति स्वतन्त्रता ग्यारेन्टी गर्ने,

२४. कर्मचारी, प्रहरी, अख्तियार, न्यायलय जस्ता राज्यका अंगहरूलाई पार्टीगत राजनीति या राजनीतिक प्रभाव र दवाव देखि मुक्त राखी स्वतन्त्र निष्पक्ष राखी सबैको लागि राज्यको अनुभूति गराउने, निष्पक्ष कानुनी अभ्यास गर्ने, प्रतिशोध नभएर दोषको आधारमा दण्ड सजाय र जरिवाना लगाउने,

२५. वैदेशिक रोजगारमा गएका नेपाली नागरिकहरू विदेशबाटै मतदान गर्न पाउने व्यवस्था गर्ने, वैदेशिक रोजगारका गएकाहरूको पारिश्रमिक, स्वास्थ्य तथा सुरक्षा बिमा लगायतका सुबिधाहरूको ग्यारेन्टी गराउने,

२६. देशभर अधुरा छोडिएका पुल, बाटा, अस्पताल, विद्यालय, उद्योग जस्ता पूर्वाधारहरूलाई यथाशीघ्र सम्पन्न गर्ने, काम नगर्ने ठेकेदारहरूलाई कानुनी कारवाही गर्ने,

२७. सार्वजनिक खरीद ऐन संसोधन गरी सबै भन्दा सस्तो बोल लाउनेले ठेक्का पार्ने चलनको अन्त्य गरी गुणस्तर र समय सीमाको ग्यारेन्टी गर्नेले ठेक्का पार्ने किसिमको कानुन तय गर्ने,

२८. स्रोत बिनाको सम्पत्ति जोड्नेहरूलाई कारवाही गर्ने, त्यस्ता सम्पत्तिलाई सरकारीकरण गर्ने,

२९. अटेरी, कामचोर, भ्रष्ट र घुसखोर कर्मचारीहरूलाई सरुवा मात्रै होइन बर्खास्त गर्ने कानुन बनाउने, रामा कर्मचारीहरूलाई पुरस्कृत गर्ने तथा बढुवा दिने चलनको शुरुवात गर्ने,

३०. नभल श आयोग गठन गरी युवा पुस्ताका विचार, भावना र चाहना अनुसारका नीति तथा कार्यक्रम तय गरी लागु गर्ने,

३१. जाति जनसंख्या र भूगोललाई अध्ययन गरेर समानुपातिक समावेशी प्रतिनिधित्वको नीति लागु गर्ने,

३२. बर्षौ लागेर पनि फैसला हुन नसकेका मुद्दाहरू छिटो छरितो तथ्यमा आधारित निर्णय गर्नु पर्ने, त्यस तर्फ सम्बन्धित निकायलाई काम गर्न लाउने,

३३. सांस्कृतिक, प्राकृतिक, धार्मिक तथा श्रमदान पर्यटनको विकास गर्ने, सम्पदाहरूको संरक्षण र प्रवर्धन गरी विश्व सामु प्रस्तुत गर्ने,

३४. नागरिकको जीउ धनको सुरक्षाको ग्यारेन्टी गर्ने, मान्छे लाई बचाउने मात्रै नभई वन्यजन्तु आरक्षणमा समेत विशेष नीति तथा कार्यक्रम लागू गर्ने ।

# अन्य दलका मन्त्री भए तत्काल पदबाट हटाउने माग हुन्थ्यो : रावल

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता भीम रावलले गृहमन्त्री सुधन गुरुङलाई लागेको आरोपका विषयमा सुशासन र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको कुरा गर्ने सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र प्रधानमन्त्री बालेन्द्र शाहले के गर्लान् भनेर नेपाली नागरिकले हेरिरहेको बताएका छन् ।

गृहमन्त्री गुरुङ सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा पक्राउ परेका व्यवसायी दपीक भट्टसँग व्यापारिक साझेदारीलगायत कारण विवादको घेरामा परेका हुनुनेस् । गत भदौमा भएको 'जेन-जी' आन्दोलनपछि खरिद गरेको सेयरबारे सम्पत्ति विवरणमा नखुलाएको आरोप समेत लागेको छ ।

पूर्वगृहमन्त्री समेत रहेका नेता रावलले अन्य दलका मन्त्री भए रास्वपाले तत्काल पदबाट हटाउन माग गर्थ्यो भनेर कटाक्ष पनि गरेका छन् ।

'राज्यको आचरण, अनुशासन र सुरक्षासँग सम्बन्धित अत्यन्त संवेदनशील गृह मन्त्रालयको जिम्मेवारीमा रहेका गृहमन्त्रीको बारेमा सार्वजनिक भएका अत्यन्त गम्भीर विषयमा पारदर्शिता, सुशासन र भ्रष्टाचारप्रति शून्य सहनशीलताका कुरा गर्ने दल र प्रधानमन्त्रीले के गर्लान् जनता हेर्दैछन्' नेता रावलले आफ्नो सामाजिक सञ्जालमा लेखका छन् 'अन्य दलका मन्त्री भए तत्काल पदबाट हटाई स्वतन्त्र न्यायिक छानबिन र कारबाही गरिनुपर्छ भन्ने रास्वपाको माग हुन्थ्यो, हैन त ?'

# सुकुम्बासी बस्तीमा डोजर चलाइएकामा जेनजी मुभमेन्ट अलायन्सको आपत्ति

**काठमाडौं ।** सरकारले अतिक्रमित जग्गा खाली गराउने नाममा निजी घरटहरा र सुकुम्बासी बस्तीहरूमा डोजर चलाइएको र त्यस क्रममा अमानवीय व्यवहार प्रदर्शन गरिएको भन्दै जेनजी मुभमेन्ट अलायन्सले गम्भीर आपत्ति जनाएको छ । एक प्रेस विज्ञप्ति जारी गर्दै अलायन्सले गृहमन्त्रालयको ठाडो निर्देशनमा भइहेको भनिएको यस्तो बल प्रयोगले नागरिकको बाँच्न पाउने संवैधानिक हकको हनन गरेको ठहर गरेको हो ।

अलायन्सले जारी गरेको विज्ञप्तिमा नागरिकले आफ्नो बासस्थान जोगाउन खोज्दा सुरक्षाकर्मीबाट भएको दुर्व्यवहार र धरपकडका दृश्यहरूले राज्यको भूमिकामाथि नै गम्भीर प्रश्न उठाएको उल्लेख गरिएको छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक र मौलिक हक अन्तर्गत गाँस, बास तथा कपासको ग्यारेन्टी गरेको सन्दर्भमा वैकल्पिक व्यवस्था नगरी बस्ती भत्काउनु असंवैधानिक र मानवअधिकारको उल्लंघन भएको अलायन्सले उल्लेख गरेको छ । विभिन्न मापदण्डका नाममा व्यक्तिको निजी सम्पत्ति अधिग्रहण गर्दा संविधानको धारा २५ र जग्गा प्राप्ति ऐन २०३४ बमोजिम उचित मुआब्जा दिनुपर्ने अनिवार्य सर्तलाई राज्यले पूर्णतः बेवास्ता गरेको आरोप लगाउँदै अलायन्सले विकासको स्वर्ण नारा र सुकिला मुकिला सौन्दर्यको आडमा नागरिकको टाउको लुकाउने ओत खोस्ने कार्य तत्काल बन्द गर्न उसले सरकारलाई ध्यानाकर्षण गराएको छ ।

सरकार समक्ष पाँचबुँदे माग राख्दै सुकुम्बासी बस्तीमाथिको डोजर अभियान तत्काल रोक्न, प्रभावितलाई सुरषित वैकल्पिक आवासको व्यवस्था गर्न र क्षतिग्रस्त सम्पत्तिको उचित मुआब्जा दिन माग गरेको अलायन्सले अमानीय व्यवहार गर्ने सुरक्षाकर्मी र आदेश दिने निकायमाथि छानबिन गरी कारबाही गर्न र भूमिहीन समस्याको दीर्घकालीन तथा न्यायपूर्ण समाधान खोज्न समेत विज्ञप्तिमार्फत भनिएको छ । अलायन्सले न्याय र मानवतालाई केन्द्रमा नराखी गरिने यस्ता कदमले समाजमा अविश्वास र असन्तोष मात्र बनाउने चेतावनी दिएको छ ।

# सुकुम्बासीको उठिबास र विद्यार्थी संगठनमाथिको प्रतिबन्धप्रति नेकपाद्वारा आपत्ति

**काठमाडौं ।** नेपाली कम्युनिट पार्टी (नेकपा)ले सरकारले अहिले देशका विभिन्न स्थानमा सुकुम्बासी परिवारहरूलाई उचित विकल्पविना उठिबास गराउने तथा झुप्रा भत्काउने कार्य गरेको भन्दै गम्भीर आपत्ति व्यक्त गरेको छ । नेकपाले आइतबार जारी गरेको प्रेस विज्ञप्तिमा सरकारको सो कदमलाई 'अमानवीय' भन्दै तत्काल रोक्न र पुनर्वासको व्यवस्था गर्न सरकारसँग माग गरेको हो ।

विज्ञप्तिमा सुकुम्बासी व्यवस्थापनका नाममा गरिएका गतिविधिले पीडित परिवारलाई विचल्ली बनाएको र सीमान्तकृत समुदायमा राज्यप्रतिको विश्वास कमजोर हुने खतरा बढेको उल्लेख गरिएको छ । 'समुचित पुनर्वासको व्यवस्था नगरी यस्ता कार्य नगर्न सरकार समक्ष आग्रह गर्दछौं' विज्ञप्तिमा उल्लेख गरिएको छ । नयाँ सरकार गठनलगत्तै बजारमा महँगी र कालोबजारी बढेको भन्दै नेकपाले तत्काल नियन्त्रण गर्न माग गरेको छ । पार्टीले विद्यार्थी संगठनहरूमाथि प्रतिबन्ध लगाउने प्रयासलाई संविधानविपरीत र अस्वीकार्य हुने उल्लेख गरेको छ । पञ्चायती व्यवस्थाको समयमा समेत उपभोग गरिएको संगठित हुने अधिकार संघीय लोकतान्त्रिक गणतन्त्रमा खोस्ने प्रयास भएको भन्दै नेकपाले यसप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ ।

यसैगरी ट्रेड युनियनमाथि प्रतिबन्ध लगाउने प्रयासले संवैधानिक अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको उल्लंघन हुने उल्लेख गरिएको छ । वर्तमान सरकारप्रति जनताले सुशासन, सामाजिक न्याय र समृद्धिको अपेक्षा गरेको उल्लेख गर्दै पार्टीले सकारात्मक कार्यक्रमहरूलाई स्वागत गरेको जनाएको छ । शासन सञ्चालन र संसदीय अभ्यासमा देखिएको पूर्वाग्रही र एकपक्षीय प्रवृत्तिले चिन्ता बढाएको विज्ञप्तिमा उल्लेख छ । पार्टीले सरकारलाई अझ लोकतान्त्रिक, उत्तरदायी र समावेशी बन्न आग्रह गर्दै सुकुम्बासी, किसान, मजदूर तथा उत्पीडित समुदायप्रति जिम्मेवार हुनुपर्नेमा जोड दिएको छ । विज्ञप्तिमा लोकतन्त्रको सुदृढीकरण अधिकार खोसेर वा जनताको घरबास उजाडेर सम्भव हुँदैन भनिएको छ ।

# अमेरिका र भारतबीच फेरि चुलियो कूटनीतिक तनाव

**एजेन्सी ।** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा सामाजिक सञ्जालमा गरिएको एक विवादास्पद अभिव्यक्तिले भारत-अमेरिका सम्बन्धमा नयाँ तनाव सिर्जना गरेको छ । भारतले उक्त टिप्पणीलाई कडा शब्दमा अस्वीकार गर्दै अनुचित र वास्तविकतासँग असम्बन्धित भएको जनाएको छ ।

ट्रम्पले बुधबार राति सामाजिक सञ्जालमा साझा गरेको पोस्टमा अमेरिकामा जन्मिएका सबैलाई स्वतः नागरिकता दिने संवैधानिक व्यवस्थामाथि आलोचना गरिएको थियो । उक्त पोस्टमा विशेषगरी भारतीय आप्रवासीहरूलाई लक्षित गर्दै उनीहरूले अमेरिकी मूल निवासीहरूलाई रोजगारी नदिने र अंग्रेजी भाषामा दक्षता नभएको आरोप लगाइएको थियो । ट्रम्पले भारतलाई 'नरक' भन्दै गरिएको टिप्पणीले थप विवाद निम्त्याएको छ । भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले ती अभिव्यक्तिहरूलाई 'स्पष्ट रूपमा अज्ञात, अनुपयुक्त र खराब स्वादमा' भएको प्रतिक्रिया दिए । यस्ता भनाइहरूले भारत-अमेरिका सम्बन्धको वास्तविक स्वरूप झल्काउन नसक्ने बताउँदै उनले दुई देशबीचको सम्बन्ध दीर्घकालीन आपसी सम्मान र साझा हितमा आधारित रहेको उल्लेख गरे ।

भारतीय मूलका अमेरिकी डेमोक्रेट सांसद अमी बेराले पनि ट्रम्पको टिप्पणीको आलोचना गर्दै यसलाई 'आपत्तिजनक, अज्ञानी र पदको गरिमाभन्दा तल' रहेको बताए । उनले ट्रम्पले आप्रवासी परिवारहरूले भोग्ने संघर्ष कहिल्यै अनुभव नगरेको टिप्पणी गरे । ट्रम्पको उक्त पोष्टप्रति आपत्ति जनाउँद हिन्दू अमेरिकन फाउन्डेसनले यसलाई 'घृणित र जातिवादी अभिव्यक्ति' भनेको छ । संस्थाले यस्तो अभिव्यक्तिले समाजमा विद्यमान जेनोफोबिया र जातीय विभाजनलाई अझ बढावा दिने चेतावनी दिएको छ ।

अमेरिकामा आप्रवासन नीतिमा कडाइ ल्याउने आफ्नो प्रमुख एजेन्डाअन्तर्गत ट्रम्पले विशेषगरी भारतीय प्राविधिक कामदारहरूले प्रयोग गर्ने भिसा प्रणालीलाई लक्षित गर्दै आएका छन् । यसले दुई देशबीचको सम्बन्धमा थप जटिलता थपेको छ । यसअघि पनि भारत-पाकिस्तानबीचको तनावका क्रममा आफ्नो मध्यस्थतालाई पर्याप्त महत्त्व नदिएको भन्दै ट्रम्पले भारतप्रति असन्तुष्टि जनाउँदै व्यापारिक क्षेत्रमा समेत दबाब सिर्जना गर्न उच्च शुल्क लगाएका थिए ।

यसले दुई देशबीचको कूटनीतिक सम्बन्धमा चिसोपना ल्याएको विश्लेषण गरिएको छ । विशेषगरी चीनसँगको रणनीतिक प्रतिस्पर्धालाई ध्यानमा राख्दै विगतका अमेरिकी प्रशासनहरूले विश्वको सबैभन्दा ठूलो लोकतन्त्र भारतसँग सुदृढ सम्बन्ध कायम राख्न निरन्तर प्रयास गर्दै आएका थिए । तर ट्रम्पको पछिल्लो अभिव्यक्तिले सो दीर्घकालीन रणनीतिमा प्रश्न उब्जाएको छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियोको आसन्न भारत भ्रमणको तयारी भइरहेका बेला यस्तो विवाद सतहमा आउनुलाई अर्थपूर्ण हेरिएको छ ।

# बढ्यो तापक्रम : सतर्कता अपनाउन आग्रह

**काठमाडौं ।** जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले मुलुकभर तापक्रम बढेपछि आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ । महाशाखाले मधेस प्रदेशलगायत कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका तराई साथै उपत्यका र खोँचहरूमा दिन तातो बन्ने सम्भावना रहेको बताएको हो ।

महाशाखाको पछिल्लो सूचना अनुसार लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा तातो हावाको लहरको समेत सम्भावना देखिएकोले अध्यावधिक रहन र आवश्यक सतर्कता अपना अनुरोध गरेको छ । देशका विभिन्न भागमा बढेको तामक्रमसँगै तातो हावाको लहर 'लु' को जोखिम अझै केही दिन कायम रहने उल्लेख गरिएको छ । जल तथा मौसम विज्ञान विभागले बिहीबारसम्म तराईका केही जिल्लामा लु चल्ने सम्भावना रहेको भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको हो ।

विभागका अनुसार गत शुक्रबार दिउँसो लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको थियो । धनगढी र नेपालगञ्जमा ४३ डिग्री, भैरहवामा ४४ डिग्री र काठमाडौंमा ३३ डिग्री सेल्सियस तापक्रम मापन गरिएको छ । विभागका मौसमविद विनु महर्जनले दिउँसोको समयमा अत्यावश्यकबाहेक बाहिर ननिस्कन, चिसो तथा हावादार स्थानमा बस्न, हल्का र पातलो कपडा लगाउन तथा प्रशस्त पानी र झोल पदार्थ सेवन गर्न सुझाव दिइन् । लुम्बिनी र सुदूरपश्चिमका तराई जिल्लाहरू-कञ्चनपुर, कैलाली, डडेलधुरा, डोटी, बर्दिया, बाँके, दाङ, कपिलवस्तु र रूपन्देहीमा 'सतर्क रहनु' स्तरको चेतावनी जारी गरिएको छ ।

त्यस्तै, अछाम, सुर्खेत, दैलेख, सल्यान, रोल्पा, प्यूठान, अर्घाखाँची, पाल्पा, परासी, नवलपुर, चितवन, मकवानपुर, पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सिन्धुली र उदयपुरलगायत जिल्लामा 'अद्यावधिक रहनु' स्तरको चेतावनी दिइएको छ । तातो हावा र उच्च तापक्रमका कारण थकान, अत्यधिक तिर्खा लाग्ने, टाउको दुख्ने, आँखामा पोल्ने, चक्कर आउने तथा बेहोस हुने जस्ता समस्या देखिन सक्ने विभागले जनाएको छ । बालबालिका, वृद्ध तथा दीर्घरोगीहरू विशेष जोखिममा पर्ने भएकाले आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको छ ।

# विद्यार्थी संगठन खारेज गर्ने निर्णयप्रति खड्काको आपत्ति

**काठमाडौं ।** नेपाली काग्रेसका निवर्तमात कार्यवाहक सभापति पूर्णबहादुर खड्काले सरकारको विद्यार्थी संगठन र स्वतन्त्र विद्यार्थी युनियन खारेज गर्ने निर्णयप्रति आपत्ति व्यक्त गरेका छन् । नेता खड्काले एक विज्ञप्ति जारी गर्दै विद्यार्थी संगठन र स्वतन्त्र विद्यार्थी युनियन खारेज गर्ने सरकारको निर्णय लोकतान्त्रिक मूल्य-मान्यता विपरीत र अधिनायकवादी प्रवृत्ति रहेको बताएका छन् ।

नेपालको राजनीतिक इतिहासमा विद्यार्थी आन्दोलनको महत्त्वपूर्ण भूमिका रहेको र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनासम्म आइपुग्दा विद्यार्थीको योगदान अविस्मरणीय रहेको उल्लेख गर्दै उनले निर्दलीय पञ्चायती व्यवस्थाको समयमा राजनीतिक दलमाथि प्रतिबन्ध हुँदा विद्यार्थी संगठनहरूले लोकतन्त्रको पक्षमा जनचेतना फैलाएको स्मरण गराएका थिए । उनले २०३६/०३७ को विद्यार्थी आन्दोलन, २०४६ को जनआन्दोलन तथा २०६२/०६३ को ऐतिहासिक आन्दोलनमा विद्यार्थीहरूको सक्रिय सहभागिताले वर्तमान राजनीतिक व्यवस्था स्थापना सम्भव भएको बताए । वर्तमान सरकारले लोकतान्त्रिक स्वतन्त्रताको उपयोगबाट उदाएका युवा नेतृत्व बालेन शाहलाई स्थापित गर्ने वातावरण बनेको भए पनि सोही सरकारले विद्यार्थी संगठनमाथि प्रहार गर्नु विरोधाभाषपूर्ण रहेको उनको विश्लेषण थियो ।

विद्यार्थी संगठनलाई केवल राजनीतिक आस्थासँग जोडिएका संस्था मात्र नभई शैक्षिक क्षेत्रका विकृति र विसंगति विरुद्ध आवाज उठाउने वैधानिक निकायको रूपमा दावी गर्दै नेता खड्काले सरकारलाई उक्त निर्णय तत्काल फिर्ता लिन र विद्यार्थी सङगठनहरूको गरिमा कायम राख्न आग्रह गरे । अन्यथा, लोकतन्त्रको रक्षाका लागि विद्यार्थीहरू पुनः आन्दोलनमा उत्रिन सक्ने उनको चेतावनी थियो ।

# प्रधानमन्त्रीलाई द्वन्द्वपीडितको खुलापत्र

**काठमाडौं ।** प्रधानमन्त्री वालेन्द्र शाहलाई द्वन्द्वपीडित समुदायले खुला आह्वान पत्रमार्फत संक्रमणकालीन न्याय प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन माग गरेका छन् ।

प्रधानमन्त्री शाहलाई द्वन्द्वपीडित समुदायकातर्फबाट ४० वटा संस्थाले पठाएको खुलापत्रमा संक्रमणकालीन न्याय प्रक्रियामा विश्वसनीयता पुनःस्थापित गरी तार्किक निष्कर्षमा पुऱ्याउन माग गरिएको छ । उक्त पत्रमा पीडितहरूको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गरी ऐतिहासिक जिम्मेवारीलाई गम्भीरतापूर्वक सम्बोधन गर्ने विश्वास गर्दै झण्डै दुई तिहाइ समर्थन प्राप्त सरकारप्रति आशावादी भएको उल्लेख छ । 'संसदमा झण्डै दुई तिहाइ समर्थनसहित मुलुकको शक्तिशाली कार्यकारी प्रमुखको गहन जिम्मेवारी सम्हाल्ने अवसर प्राप्त गर्नु भएकामा द्वन्द्वपीडित समुदायकातर्फबाट तपाईंलाई हार्दिक बधाई व्यक्त गर्दछौं' खुलापत्रमा उल्लेख गरिएको छ 'तपाईंको नेतृत्वमा रहेको सरकारले संक्रमणकालीन न्याय प्रक्रियालाई सही दिशामा अघि बढाउने पर्याप्त क्षमता, इच्छाशक्ति र नैतिक आधार राख्दछ भन्नेमा हाम्रो दृढ विश्वास छ ।' सरकारले अघि सारेको राष्ट्रिय प्रतिबद्धता मस्यौदा तथा १०० बुँदे शासकीय कार्यसूचीमा संक्रमणकालीन न्याय प्रक्रिया नसमेटिएको पत्रमा उल्लेख गरिएको छ ।

छ बुँदे उक्त माग पत्रमा संक्रमणकालीन न्यायलाई राष्ट्रिय प्रतिबद्धता पत्रको महत्त्वपूर्ण बुँदाका रूपमा समेट्ने, वर्तमान आयोगको वैधतासम्बन्धी प्रश्न समाधान गर्न कानुन संशोधनलगायत उपयुक्त प्रक्रिया अपनाई आयुक्तहरूको बहिर्गमन सुनिश्चित गर्ने, त्यसपछि हुने आयुक्त नियुक्ति प्रक्रिया पूर्णतः पारदर्शी, प्रतिस्पर्धात्मक र पीडितमैत्री बनाई पीडित केन्द्रित कार्य प्रणाली अपनाउने रहेको छ । द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारीले दुई दशकदेखि अल्झाइएको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्नका लागि ठोस पहल गरी विश्वसनीय कदम चल्न र सरकारको प्राथमिकतामा राख्न आग्रह गरेका छन् ।

# सार्वजनिक यातायातमा मनपरी भाडा उठाइएको गुनासो

**काठमाडौं ।** सार्वजनिक सवारीका परिचालकले मनपरी भाडा उठाउन थालेको गुनासो बढेको छ । गत चैत अन्तिम साता संघीय र प्रदेश सरकारले सार्वजनिक यातायातको भाडा वृद्धि गरेपछि सवारीका परिचालकले मनपरी भाडा उठाउन थालेका हुन् ।

पेट्रोलियम पदार्थको मूल्य वृद्धि भई बढाइएको भाडा विद्युतीय सवारीसाधनमा लागू नहुने जनाइएको थियो । तर कतिपय विद्युतीय सवारीका परिचालकले समेत भाडा बढाएर लिने गरेको गुनासो सुनिएका छन् । सवारीसाधनका परिचालकले यात्रुको अनुहार हेरेर सकिने जति भाडा लिने गरेको दैनिक भक्तपुर-रत्नपार्क रुटमा सार्वजनिक यातायात प्रयोग गर्दै आएका बलराम शिल्पकारले बताए । बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालयको गत चैत २७ गतेको निर्णयअनुसार प्रदेशभर भाडा समायोजन गरिएको हो । चैत २८ गतेदेखि लागू भएको भाडादरअनुसार पाँच किलोमिटरसम्मको भाडा अब २४ रूपैयाँ पर्छ । तर सार्वजनिक यातायातका परिचालकले भने तेम्रो स्टेसन पार गरेदेखि ३५ रूपैयाँ भाडा लिइरहेको उहाँले बताउनुभयो । जुन दूरीका हिसाबले तीन किलोमिटर पनि हुँदैन ।

सरकारले १० किलोमिटरसम्मको भाडा ३३ रूपैयाँ तोकेको छ । पन्ध्र किलोमिटरसम्मको भाडा ३९ रूपैयाँ तोकिएको छ । सरकारले २० किलोमिटरसम्म दूरीको भाडा ४४ रूपैयाँ र २० किलोमिटरभन्दा बढी दूरीको भाडा ५० रूपैयाँ तोकेको छ । वैज्ञानिक भनिएको यो भाडादर अवैज्ञानिक रहेको यात्रु शिल्पकारको भनाइ छ । वैज्ञानिक भाडादरका नाममा केही सरकारी अधिकारीले व्यवसायीसँग मिलेमतो गरी यात्रुलाई समस्यामा पार्ने गरेको उनको बुझाइ छ । पेट्रोलियम पदार्थको भाउ बढ्दा बढ्ने गरेको सार्वजनिक यातायातको भाडा भाउ घट्दा भने कहिल्यै घट्दैन ।

उल्टै सवारीसाधनका परिचालकले भने तोकिएभन्दा बढी आफूखुसी भाडा लिइरहेको यात्रुहरू बताउँछन् । विदुर नगरपालिका-५ देवीघाटका स्थायी बासिन्दा वासुदेव नेपाल नुवाकोट र काठमाडौं ओहोरदोहोर गरिरहन्छन् । थानकोटबाट गल्छीसम्म करिब ४८ किलोमिटर दूरीको भाडा उनले २०० रूपैयाँ तिरेको बताए ।

## नेकपाको ७७औं...

पुगेकोमा फागुन २१ मा सम्पन्न निर्वाचनबाट जम्मा ३२ सिटमा सिमित बन्न पुग्यो ।

नेपाली कम्युनिस्ट आन्दोलनको थालनी भएको ७७ औं वर्षमा प्रवेश गर्दैगर्दा यतिबेला सबैभन्दा कमजोर अवस्थामा पुगेको देखिएको छ । नेपाल कम्युनिस्ट आन्दोलनले सात दशकभन्दा लामो संघर्षमय इतिहास र बलियो जनमत हुँदाहुँदै पनि कम्युनिस्टहरू एकताबद्ध हुन नसक्दा ती पार्टीहरूलाई समय-सयममा ठूला क्षति भएको देखिन्छ ।

फागुन २१ मा सम्पन्न भएको निर्वाचनबाट ठूलो क्षति व्यहोरेपछि एमाले र नेकपाका नेताहरू सार्वजनिक रूपमै कम्युनिस्ट एकताको पक्षमा बोल्न थालेका छन् । संसदमा बलियो जनमत हुँदा आधारभूत वर्गलाई भुल्ने गरेका कम्युनिस्ट पार्टीहरूमा सत्ताबाट बाहिरिए एकता चेत खुल्ने गरेको विश्लेषकहरूले बताएका छन् ।

२०७४ को निर्वाचनमा एमाले र माओवादी बहुमत ल्याएर सरकार निर्माण गरे पनि सकेनन् । पार्टी एकता भए पनि करिव दुई वर्षमै नेकपा विभाजन हुन पुग्यो । पछिल्लो निर्वाचनमा हारपछि फेरि उनीहरूले वाम एकताको चर्चा गर्न थालेका छन् । नेकपाका संयोजक दाहालले नेकपा स्थापना दिवसका अवसरमा वामपन्थी पुनर्गठनको आवश्यकतामाथि जोड दिएका छन् । नेकपा स्थापना दिवसका अवसरमा पार्टीको केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै भने 'वामपन्थी पुनर्गठन गर्न आवश्यक छ । पुनर्गठनको नेतृत्व गर्ने अवसर छ ।'

'नेपाली क्रान्तिलाई अगाडि बढाउँदै सबैखाले विभेदको अन्त्य गरी समतामूलक समाज निर्माण गर्न समाजवाद र साम्यवादको लक्ष्य बोकेको सबै वामपन्थी तथा कम्युनिस्ट शक्तिहरूबीच एकता आजको ऐतिहासिक आवश्यकता बनेको छ' संयोजक दाहालको भनाइ थियो 'कम्युनिस्ट आन्दोलनले मात्र उपेक्षित र उत्पीडित समुदायहरूको अधिकार र राष्ट्रिय स्वाधीनताको वास्तविक संरक्षण गर्न सक्छ भन्ने इतिहासले प्रमाणित गरेको छ । तसर्थ, नेपाली कम्युनिस्टहरूको काँधमा विगतका बलिदानीपूर्ण संघर्षका उपलब्धिहरूको रक्षा गर्दै आम गरिब, किसान तथा श्रमजीवी जनताको पक्षमा क्रान्ति अगाडि बढाउने जिम्मेवारी अझ बढेको छ ।'

सोही अवसरमा दाहालले सार्वजनिक रूपमा कम्युनिस्ट आन्दोलन पुनर्गठनका लागि आह्वान गरेका छन् । 'इतिहासले सुम्पेको यही जिम्मेवारी पूरा गर्न नेपाल कम्युनिस्ट पार्टीको पहिलो पर्चा तथा घोषणापत्र र त्यसपछिका विकसित विचारहरूको संश्लेषण गर्दै नेपाली कम्युनिस्ट आन्दोलनको समग्र पुनर्गठनका लागि म सबैमा हार्दिक आह्वान गर्दछु' संयोजक दाहालले शान्ति सम्झौताका पक्षबीच मोर्चाबन्दीको आवश्यकता पनि औंल्याएका थिए 'नेपाली जनताको संघर्षबाट प्राप्त उपलब्धिको रक्षा र विकास गर्न, शान्ति सम्झौता र लोकतान्त्रिक गणतन्त्रका पक्षधर सम्पूर्ण शक्तिबीच मोर्चाबन्दी अपरिहार्य रहेकोमा म विशेष जोड दिन चाहन्छु ।'

नेकपा स्थापना दिवसका अवसरमा एमालेको पार्टी केन्द्रीय कार्यालय ललितपुरको च्यासलमा आयोजना गर्ने कार्यक्रमलाई अध्यक्ष केपी शर्मा ओलीले सम्बोधन गर्ने कार्यक्रम तय गरिएको भए पनि पत्थरीको उपचार गरी आफ्नो निवास गुन्डु भक्तपुरमा आराम गरिरहेका उनी स्वास्थ्यका कारण कार्यक्रममा आउन सकेनन् । त्यस अवसरमा अध्यक्ष ओली आउन नसके पनि कार्यवहाक अध्यक्ष रामबहादुर थापाले उनको सन्देश सुनाउँदै कम्युनिस्टहरूले आत्मसमीक्षा गरी एकताबद्ध हुने बेला आएको बताए ।

'नेपालका कम्युनिस्टहरूले आत्मसमीक्षा गर्ने, रूपान्तरण गर्ने र एकताबद्ध गरी नयाँ विजयका लागि संकल्प गर्न दिन हो' उनले भने 'समाजवादी आन्दोलनले ठूलो धक्का खाएको छ । नेपालका कम्युनिस्टले गम्भीर समीक्षा गर्दैछन् । बाह्य र आन्तरिक रूपमा दक्षिणपन्थी र अवसरवादलाई परास्त गर्न जरुरी छ ।' नेकपाको ७७ औं स्थापना दिवसका अवसरमा बुधबार पार्टी केन्द्रीय कार्यालय, च्यासलमा आयोजित कार्यक्रममा नेकपा (एमाले)का नेताहरूले निर्वाचनको पराजयलाई स्वीकार गर्दै आफूहरू जनताको बीचमा गएर थप मेहनत गर्ने प्रतिबद्धता जनाएका छन् । पार्टीका उपाध्यक्षद्वय थापा र विष्णुप्रसाद पौडेल, महासचिव शंकर पोखरेललगायत नेताले जनतासँग नजिक भएर पुनः राष्ट्रिय राजनीतिमा स्थापित हुने दावा गरे । उपाध्यक्ष बादलले नेपालमा समाजवादी आन्दोलनले गम्भीर धक्का खाएको विषयमा आफूहरूले समीक्षा गर्दै अहिलेको पराजयलाई विजयमा रूपान्तरण गर्न एकताबद्ध हुने संकल्प गरेर अघि बढ्ने धारणा व्यक्त गरे ।

यस्तै, उपाध्यक्ष पौडेलले जनताको बहुदलीय जनवादले एक पटक मात्र होइन, बारम्बर जनताको विश्वास जितेर अघि बढ्नुपर्ने मर्म रहेको चर्चा गर्दै निरन्तर जनतामा जाने र जनताबाट अनुमोदित हुनुको विकल्प नभएको उल्लेख गरे । महासचिव पोखरेलले पार्टीको विधानमा युवा र महिलालाई नेतृत्वमा आरक्षणको पहिलो अभ्यासकर्ता आफ्नो पार्टी भए पनि त्यो वर्गको विश्वास लिन र सामाजिक सञ्जालको दुरूपयोगलाई रोक्ने सही मनसायलाई युवामाझ बुझाउन नसकिएको टिप्पणी गरे ।

'हामी यसबीचमा सत्तामुखी र केन्द्रमुखी भएछौं भन्ने बुझ्नुपर्छ । आफूलाई सच्याउन जनतातिर फर्कनुपर्छ । हामीले गरेका राम्रा कुराहरूलाई पनि जनताका बीचमा लान नसकेको कुरा स्वीकार्नै पर्छ' उनको भनाइ थियो । नेकपा स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा बोल्दै पार्टीका सचिव पद्मा अर्यालले अध्यक्ष केपी शर्मा ओली आउने तयारी भए पनि स्वास्थ्यलाभ गरिरहनुभएका कारण आउन नसकेको जानकारी दिइन् ।

नेकपाको स्थापना भएसँगै संस्थापक पुष्पलालले वर्गसंघर्ष, समानता र समाजवाद र साम्यवादी व्यवस्थाको सपना देखेको भए पनि स्थापनाको केही वर्षमै वैचारिक मतभेद सुरु भएको थियो । २०१९ मा भारतको बनारसमा भएको महाधिवेशनबाट नेकपा विभाजन भयो । महाधिवेशबाट केशरजंग रायमाझी, शम्भुराम श्रेष्ठ र डिपी अधिकारीलाई कारबाही गरेपछि पहिलो पटक नेकपा विभाजन भएको थियो । तत्कालीन महासचिव तुलसीलाल अमात्य र वरिष्ठ नेता पुष्पलाल श्रेष्ठबीच विवाद सुरु भएपछि जेठ २०२५ मा भारतको गोरखपुरमा 'तेस्रो सम्मेलन'को आयोजना गरी पुष्पलालले बेग्लै पार्टी स्थापना गरेका थिए । पुष्पलालको पार्टीलाई चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओत्से तुङको प्रभाव परेको थियो भने मूलधार नेकपा रसियन कम्युनिस्ट पार्टीको नीति अंगालेको थियो ।

कम्युनिस्ट पार्टीहरू व्यक्तिपिच्छेका समूहमा गठन हुन थालिसकेका थिए । मजदुर किसान सभा (२०३०), कम्युनिस्ट एकता सम्पर्क समिति नेपाल (२०३०), सर्वहारा क्रान्तिकारी संगठन (२०३३) र मुक्ति मोर्चा समूह (२०३३) जस्ता स-साना कम्युनिस्ट समूहहरू जन्मिन थालिसकेका थिए । २०३० को दशकमा नेपालमा कम्युनिस्ट आन्दोलन साना-साना समूहमा विभाजन भइसकेका थिए । २०२८ मा झापा विद्रोह भए भएपछि 'कोअर्डिनेसन केन्द्र' (कोके) को गठन भएको थियो ।

कम्युनिस्ट पार्टी विभाजित अवस्थामा रहेको बेलामा २०२८ मंसिरमा मनमोहन अधिकारी, शम्भुराम श्रेष्ठ, मोहनविक्रम सिंहलगायतका नेताहरूको सक्रियता र सहभागितामा केन्द्रीय न्युक्लियस गठन गरेर एकताका लागि कोसिस आरम्भ भएको थियो । एकताका लागि उक्त न्युक्लियसले पुष्पलालसँग वार्ता र छलफल गरे पनि सहमति बन्न सकेन । २०३१ भदौमा भारतको वाराणसीमा मोहनविक्रम सिंहको अगुवाइमा चौथो महाधिवशेन आयोजना गरियो । त्यसले एकता कायम गर्नेभन्दा थप नयाँ समूह बनाएर नेकपामा अर्को विभाजन ल्याउने काम गऱ्यो । जुन मोहनविक्रम सिंहको नेतृत्वमा नेकपा (चौथो महाधिवेशन) का नाम राखियो ।

यसैगरी, २०४२ नेकपा मशाल विभाजन भएर मोहन वैद्यको नेतृत्वमा नेकपा मशाल र मोहनविक्रम सिंहको नेतृत्वमा नेकपा मसाल गठन भएको थियो । नेकपालाई विभाजित गरेको भन्दै चौथो महाधिवेशनलाई मान्यता नदिएर नेकपा (माले) ले २०४६ भदौ ९ देखि १४ गतेसम्म सिरहाको विष्णुपुरकट्टी, सर्रे अम्बासमा नेकपा (माले) को चौथो राष्ट्रिय महाधिवेशन आयोजना भयो । पछि २०४७ पुस २२ गते नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीच एकता भई नेकपा (एमाले) को गठन भयो । नेपालमा कम्युनिस्ट मूलधारको रूपमा रह्यो ।

प्रजातन्त्र पुनःस्थापनापछि नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीच ऐतिहासिक एकता भई नेकपा (एमाले) बन्यो र मदन भण्डारीले अघि सारेको 'जनताको बहुदलीय जनवाद' (जबज) ले एमालेलाई संसदको एक प्रमुख शक्तिको रूपमा स्थापित गऱ्यो । २०५४ सालमा पार्टी फुटेर वामदेव गौतमको नेतृत्वमा नेकपा (माले) गठन भयो, तर केही समयपछि गौतमसहित एमालेमा फर्किए ।

यस्तै, २०४७ मै पुष्पकमल दाहाल नेतृत्वको नेकपा मशाल, निर्मला लामा नेतृत्वको नेकपा चौम र रूपलाल विश्वकर्माको सर्वहारावादी श्रमिक संगठनबीच एकता भई नेकपा एकता केन्द्र गठन भयो । जसले २०५२ फागुन १ देखि नेकपा (माओवादी) नामबाट 'जनयुद्ध' सुरु गरी दस वर्ष शसस्त्र युद्ध गऱ्यो । २०६२/६३ को जनआन्दोलन पछि माओवादी मूलधारको राजनीतिमा आयो, तर शान्ति प्रक्रियामा आएपछि यो शक्ति पनि विभाजनबाट अछुतो रहन सकेन फलस्वरूप शान्ति प्रक्रियामा असमति जनाउँदै २०६९ असारमा तत्कालीन उपाध्यक्ष मोहन वैद्यको नेतृत्वमा एउटा ठूलो हिस्सा पार्टीबाट अलग्गिएर क्रान्तिकारी माओवादी गठन भयो । २०७४ को निर्वाचनमा भने ओली नेतृत्वको एमाले र दाहाल नेतृत्वको माओवादी गठबन्धनले प्रतिनिधिसभाको २७५ सिटमध्ये १७४ सिट जित्न सफल भएको थियो । जेठ २०७५ मा एमाले र माओवादी केन्द्र मिलेर 'नेपाल कम्युनिस्ट पार्टी (नेकपा)' गठन भयो तर नेकपाका अध्यक्षद्वय ओली र दाहालबीच शक्ति संघर्ष चर्किंदै गयो ।

नेकपामा विवाद चर्किरहेका बेला २३ फागुन २०७७ मा सर्वोच्च अदालतमा नेकपासम्बन्धी परेको एक निवेदनमा भएको फैसलाले यो एकता खारेज गरिदियो । त्यसपछि एमाले र माओवादी पुनः साविककै अवस्थामा पुगे । एमालेभित्रको विवादका कारण २०७८ भदौमा माधवकुमार नेपालको नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) गठन भयो । एकीकृत समाजवादी ०७९ को निर्वाचनमा सहभागी भई प्रत्यक्षमा १० सिट जिते पनि राष्ट्रिय पार्टी हुन सकेन । ०८२ कात्तिक तेस्रो साता माओवादी केन्द्र र एकीकृत समावववादीबीच एकता भयो । फागुन २१ मा भएको निर्वाचनमा नेकपाले जम्मा १७ सिटमै खुम्चिन बाध्य भए ।

फागुन २१ को निर्वाचनका लागि नेपाल कम्युनिस्ट पार्टी (एकीकृत-मार्क्सवादी-लेनिनवादी) अर्थात केपी शर्मा ओली नेतृत्वको एमाल, पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको नेपाली कम्युनिस्ट पार्टी (नेकपा), लोकनारायण सुवेदीको नेपाल कम्युनिस्ट पार्टी, चन्द्रप्रकाश मैनालीको नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनवादी), अम्बिकाप्रसा बैबको नेपाली कम्युनिस्ट पार्टी (मार्क्सवादी), रामनारायणप्रसाद पन्तको माओवादी कम्युनिस्ट पार्टी, मानध्वज गुरुङको नेपाली कम्युनिस्ट पार्टी मार्क्सवादी (पुष्पलाल), सुदीप रुवालीको नेपाल कम्युनिस्ट पार्टी लोकतान्त्रिक), घनश्याम भुसालको नेपाल कम्युनिस्ट पार्टी (संयुक्त)ले दर्ता भएका थिए ।

यस्तै, भविसोर पराजुलीको नेपाल कम्युनिस्ट पार्टी (गौरवशाली), कर्णजित बुढाथोकीको नेपाल कम्युनिस्ट पार्टी माओवादी समाजवादी, जोगमान लामाको नेपाल कम्युनिस्ट पार्टी परिवर्तन, नेत्रविक्रम चन्दको नेपाल कम्युनिस्ट पार्टी माओवादी, चित्रबहादुर केसीको राष्ट्रिय जनमोर्चा, नारायणमान बिजुक्छेको नेपाल मजदुर किसान पार्टी र सन्ध्या तिवारीको जनता जनवादी पार्टीलगायत १६ वटा वामपन्थी विचारधारी दल निर्वाचन आयोगमा दर्ता भएका थिए ।

यसरी फागुन २१ को निर्वाचनबाट बर्तमान नेकपा एमाले प्रत्यक्षमा ९ सिटसहित २५ सिट नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले प्रत्यक्षमा ८ स्थानसहित १७ सिटमा चित्त बुझाउनु परेको पृष्ठभूमिबीच एमाले, नेकपासहित विभिन्न वाम घटकहरूले ७७औं स्थापना दिवस मनाउँदै गर्दा पछिल्लो निर्वाचनको गम्भीर समीक्षासहित आफूहरू सच्चिएर फेरि उठ्ने प्रतिबद्धता व्यक्त गरेका गरेका छन् ।


# जातीय भेदभाव उन्मूलन गरौं !

- सवै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सवैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरूद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानवअधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सदभाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं ।

जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं !

नेपाल सरकार

विज्ञापन बोर्ड


## अत्यधिक गर्मीले...

प्रमुख राजिव झाले चर्को गर्मीसँगै तातो हाावा चलेपछि सर्वसाधारणको दैनिकी कष्टकर बनाएको जानकारी दिए । उनले विशेषगरी बालबालिका, वृद्धवृद्धा, मजदुर र साना व्यवसायीहरू यसबाट सबैभन्दा बढी प्रभावित भएका बताए ।

गर्मीको प्रत्यक्ष असर श्रमिक, मजदुर र साना सडक व्यवसायीहरूमा परेको छ । गर्मी अत्यधिक बढेर तातो हावा चलेसँगै दिनभर काम गर्न असहज भएको र ग्राहकहरूको चहलपहल पनि कम हुँदा उनीहरूको आम्दानीमा पनि असर परेको छ । सडक किनारमा ठेला वा पसल राख्ने व्यवसायीहरू दिउँसोको चर्को घाममा बस्न नसक्ने अवस्थामा छन् ।

जल तथा मौसम विज्ञान विभागका अनुसार तराई क्षेत्रमा अझै केही दिन तापक्रम उच्च रहने सम्भावना छ । यसले गर्दा तातो हावा 'लु'चल्ने क्रम पनि जारी रहनेछ ।

गर्मीबाट बच्न आवश्यक सावधानी अपनाउन आग्रह गरेका स्वास्थ्यकर्मीहरूले पर्याप्त मात्रामा पानी पिउने, झोलिलो पदार्थ सेवन गर्ने, दिउँसो घरबाहिर ननिस्कने, हल्का र खुकुलो कपडा लगाउने जस्ता उपायहरू अपनाउन सुझाव दिएका छन् । विशेषगरी बालबालिका, वृद्धवृद्धा र दीर्घ रोगीहरूलाई गर्मीको प्रत्यक्ष प्रभावबाट बचाउन विशेष ध्यान दिनुपर्ने चिकित्सकहरूको सुझाव रहेको छ ।

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं